मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## होटल बुक गरेरै बैंकमा रकम चोरी
समाचार पृष्ठ ८ मा



वर्ष २ | अंक १६२ | २०८१ साल वैशाख २० गते बिहिबार | Thursday 02, May 2024 | सूर्योदय: बिहान ५:२६ बजे | सूर्यास्त: साँझ ६:३९ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## यादव र डेनिसबीच भेट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संयुक्त राष्ट्रसङ्घको जनसंख्या तथा विकास आयोगको ५७औँ सत्रमा भाग लिन अमेरिकामा रहेका जनता समाजवादी पार्टीका अध्यक्ष तथा उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादव र संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभाका अध्यक्ष डेनिस फ्रान्सिसबीच संयुक्त राष्ट्रसङ्घको मुख्यालय, न्यूयोर्कमा द्विपक्षीय भेटवार्ता भएको छ ।
भेटका अवसरमा जलवायु परिवर्तन र नेपालजस्ता अतिकम विकसित मुलुकले भोग्नु परिरहेको समस्या र यसको असरबारे चर्चा गर्दै दीगो पर्यटन विकास, अन्तर्राष्ट्रिय सहयोग तथा बहुपक्षीयताको महत्वलगायतका विषयमा छलफल भएको जनाएको छ ।
उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री यादवले सबल र प्रभावकारी संयुक्त राष्ट्रसङ्घका लागि महासभाका अध्यक्षले अगाडि बढाएका प्राथमिकता शान्ति, समृद्धि, प्रगति, स्थायित्व कार्यान्वयन महत्वपूर्ण रहने बताउदै यसमा नेपालको पूर्ण सहयोगको प्रतिवद्धता व्यक्त गरे ।
साथै, महासभाका अध्यक्षले नेपालले स्वास्थ्यका क्षेत्रमा, खासगरी आमा सुरक्षा, प्रजनन् स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार गर्नुका साथै आइसिपिडी कार्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेलेकोमा प्रशंसा गर्दै नेपालको दीगो विकासका लक्ष्य प्राप्तिका लागि तथा जलवायु परिवर्तनको असरको न्यूनीकरणका लागि संयुक्त राष्ट्र सङ्घको थप सहयोग रहने बताए ।
नेपाललगायत डेनमार्क, आइरल्याण्ड, स्विडेन, कोलम्बिया र संयुक्त अधिराज्यले संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा संयुक्तरूपमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्या मन्त्री यादवले नेपालले स्वास्थ्य क्षेत्रको विस्तार तथा महिलाको प्रजनन् एवम् स्वास्थ्य अधिकारका क्षेत्रमा गरेका प्रगतिबारे जानकारी गराउदै पूर्ण कार्यान्यवनका लागि राष्ट्रहरुबीच विश्वास, सद्भाव, ऐक्यवद्दता र सहयोग आदानप्रदान महत्वपूर्ण रहने बताए ।

# भुजा–चिउराका भरमा ६५ परिवार





**अनिल आत्रेय**
**राजविराज ।**
सप्तरीको महादेवा गाउँपालिका–१ स्थित चिम्टीका ६५ अग्निपीडित परिवारको बिचल्ली भएको छ । मंगलबार दिउँसो आगो लागेर यहाँका ६५ परिवारको एक सय २० घरगोठ जलेर नष्ट भएको अहिलेसम्मको तथ्यांक छ ।
मंगलबार अपरान्ह लागेको आगोले ६५ परिवारका १ सय १४ घर खरानी भएपछि अहिले उनीहरु खुला आकाशमुनि बसिरहेका छन् । मंगलबार रातभर आगो निभाउनै व्यस्त रहेका चिम्टीबासी थकित भए पनि निदाउन सकेनन् । आगलागी भएको राति थोरथोरै भुजा खाएर बसेका अग्निपीडितले बुधबार चर्को घाममा खुलारुपमा बस्न बाध्य भए । घाम सहनसक्ने अवस्था नरहेकाले रुखको छहारी खोजेर पीडितहरू ओत लाग्न खोजिरहेका थिए ।
बुधबार बिहान राहतस्वरुप आएको चिउरा, भुजा खाएर दिनभर चर्को घाममा शितल खोज्दै बस्नु परेको पीडितमध्येका दुर्गा प्रसाद यादवले बताए ।
'आगोले सबै सखाप तुल्याएको छ,' उनले भने, 'केही उपाय नचलेपछि पल्लो टोलबाट त्रिपाल मागेर जहान बालबच्चा राखेँ ।' यस्तै पीडा अग्निपीडित ७५ वर्षीया दुखनी देवी यादवको पनि छ, 'बस्ने, खाने, सुत्ने केही उपाय नरहेपछि खेतमा त्रिपाल टाँगेर बसेका छौँ ।' उनले थपिन्, '६ छोरी, एउटा छोरा र नातिनातिनालाई कसरी सुरक्षित राख्ने भन्ने चुनौति थपिएको छ ।'
आगो लागेर दुई दिन बित्न लाग्दासमेत दुईचार केजी चिउरा, मुरहीबाहेक बस्तीमा थप राहत पुगेको छैन । 'भएको श्रीसम्पत्ति अन्नपात स्वाहा भयो,' उनले भनिन, 'अब कसरी दिन काट्ने ?' वडा अध्यक्ष जयकिशोर दासले पहिलो चरणमा राहतस्वरुप मंगलबार बेलुका चाउचाउ, मुरही, चिउरा, पानी अग्निपीडितलाई वितरण गरिएको जानकारी दिए । यता, छिन्नमस्ता गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले महादेवा गाउँपालिकाको चिम्टीका अग्निपीडितलाई एक दिनको तलब, भत्ता उपलब्ध गराउने भएका छन् । गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले आगलागीको घटनाले आफूहरू स्तब्ध भएको जानकारी गराउँदै एकदिनको तलब भत्ता उपलब्ध गराउने जानकारी गराए ।
यसैगरी, चिम्टीका अग्निपीडितलाई सप्तरी युथ नेपाल र नूर वेलफेयर सोसाइटी सप्तरीले संयुक्तरुपमा दैनिक भोजन सेवा दिइरहेको छ । अग्निपीडितलाई बिहान बेलुका निःशुल्क खाना खुवाइने सप्तरी युथ नेपालका उपाध्यक्ष मोहनकुमार यादवले जानकारी दिए । उनका अनुसार बेलुकाका लागि १ क्विन्टल चामल, २५ किलो दाल, तरकारीसहितका खाना तयार पारेर दिइएको छ । कार्यक्रममा स्वतन्त्र विद्यार्थी युनियन, मविव क्याम्पस राजविराज, मिसन कलेज र पदमा एण्ड टुरिज्म बथनाहाको पनि सहकार्य रहेको जनाइएको छ ।
मंगलबार दिउँसो शत्रुधन यादवको घरबाट अचानक सल्केको आगो फैलिएर यादव, सदा र मुस्लिम समुदायको बसोबास रहेको बस्तीका ६५ परिवारका १ सय १४ वटा घर जलेर बस्ती नै सखाप भएको थियो ।

# सिकेले दिए दाजुलाई तेस्रो 'गिफ्ट ह्याम्पर'





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा वैकल्पिक शक्तिको रुपमा उदाएर जनता समाजवादी पार्टीसँग राजनीतिक प्रतिस्पर्धा गरिरहेको सिके राउत नेतृत्वको जनमत पार्टीमा नातावाद छिरेपछि असन्तुष्टि बढेको छ । अध्यक्ष डा सिके राउतले दाइ जयकान्त राउतलाई भारत पठाउनकै लागि रातारात पार्टीको राष्ट्रिय परिषद् अध्यक्ष बनाएपछि पार्टीमा नातावाद हाबी भएको भन्दै विरोध भएको छ ।
'दाइलाई मनोनीत गरेको विषयमा पार्टीभित्र असन्तुष्टि देखिएको छ,' जनमतका नेताले भने, 'पार्टीमा कुनै हैसियत नभएका जयकान्त राउत रातारात राष्ट्रिय परिषद् अध्यक्ष बनाएर भारत पठाउने निर्णय भएको छ ।' भारतीय जनता पार्टी (भाजपा)ले भारतमा भइरहेको चुनावबारे जानकारी गराउन नेपालका विभिन्न दललाई बोलाउँदा जनमत पार्टीका अध्यक्ष राउतले परिषद् अध्यक्षका हैसियतमा दाइलाई पठाउन खोजेको पाइएको हो ।
जयकान्त राउत यसअघि राष्ट्रिय योजना आयोगका सदस्य थिए । पार्टीका नेताहरूका अनुसार मंगलबार जनमतको सचिवालय बैठकमा राउतलाई राष्ट्रिय परिषद् अध्यक्ष बनाउने विषयमा चर्चा समेत भएको थिएन । तर भोलिपल्ट उनलाई अध्यक्ष मनोनीत गरिएको पत्र थमाइएपछि पार्टीमा असन्तुष्टि बढेको हो ।
जनमत पार्टीका प्रवक्ता डा.शरदसिंह यादवले प्रतिनिधि सभा निर्वाचनमा प्राप्त मतका आधारमा जयकान्तलाई अध्यक्ष बनाइएको बताए । राष्ट्रिय परिषद् अध्यक्षमा मनोनीत जयकान्त यही हैसियतमा भारत गएका छन् । अध्यक्ष सिकेका दाइ जयकान्त नार्कका कर्मचारी थिए । २०७९ को निर्वाचनमा जागिरबाट राजीनामा दिएर सप्तरी–१ मा उम्मेदवार भएका थिए । निर्वाचनमा पराजित भएपछि अध्यक्ष सिकेले राष्ट्रिय योजना आयोगको सदस्य बनाएका थिए ।
अहिले पार्टीको राष्ट्रिय परिषद अध्यक्ष बनेका छन् । पार्टी अध्यक्षका दाइ भएपछि उनलाई पार्टीले लगातार 'गिफ्ट ह्याम्पर' दिइरहेको भन्दै नेता कार्यकर्ता असन्तुष्ट बनेका हुन् ।

# मधेशमा जगगा विवादले निम्त्याउँदै घरझगडा

*मधेशको भूमि उत्पादनको दृष्टिले उर्वर मानिन्छ । देशको कुल जमिनको २१ प्रतिशत अर्थात् ३० लाख हेक्टर मात्र खेतीयोग्य जमिन छ, जसमध्ये २० प्रतिशत बाँझो छ । ९ प्रतिशत धनीसँग ४६ प्रतिशत खेतीयोग्य जग्गा छ । ६७ प्रतिशत न्यून वर्गको स्वामित्वमा १७ प्रतिशत मात्र जमिन छ ।*

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
तराई मधेशमा जग्गा धेरै हुनुलाई सम्पन्ताको सूचकका रुपमा मानिने परम्परा छ । जसको जति धेरै जग्गा हुन्थ्यो, यसलाई त्यति नै सम्पन्न मानिन्थ्यो । अहिले पनि यसप्रकारको सोचमा खासै परिवर्तन आएको देखिँदैन । तराई मधेशमा हुने सामाजिक विवादमा समेत सबैभन्दा बढी विवाद जग्गाकै हुने गरेको छ । यहाँ प्रहरी र अदालतसम्मको मुद्दाको अवस्थालाई हेर्ने हो भने बढी मात्रामा जग्गाकै मुद्दा देखिन्छ । जग्गाको विवाद अहिले प्रहरीदेखि विभिन्न निकायमा परेको देखिन्छ । मधेशको अड्डा अदालतमा समेत धेरैजसो विवाद नै जग्गासँग जोडिएको परेको देखिन्छ ।
जमिन विवाद सम्पत्ति बाँडफाँटको झगडा हो । तराई मधेशमा सुनजस्तै सम्पत्तिलाई मानिएकाले यसले आपसी झगडासमेत बढाएको छ । अर्धन्यायिक निकायका रुपमा रहेको नापी र मालपोतका साथै अहिले तराई मधेशका जिल्लामा जग्गाजमिनको विवाद निकै छ । पछिल्लो समय स्थानीय तहलाई समेत न्याय निरुपण गर्ने अधिकार दिइएको छ । स्थानीय तहमा रहेको न्यायिक समितिमा समेत अत्यधिकरुपमा मुद्दा जग्गाकै पर्ने गरेको छ । जनकपुरधाम उपमहानगरपालिका उपप्रमुख किशोरी साहले न्यायिक समितिमा समेत अत्यधिक रुपमा विवाद जग्गाको नै पर्ने गरेको बताए । न्यायिक समितिमा बाटो मिचेको, झ्याल खोलेको जस्ता विवाद बढी आउने गरेको छ । खासगरी जग्गा मिचेका विवाद बढी आउने गरेको र त्यसलाई जनकपुर नगरपालिकाले आफ्नो अमिन खटाएर सल्टाउने गरिएको बताए । उनले व्यक्तिमा अरुको जग्गा मिच्ने प्रवृत्ति देखिएकाले समेत बढी सम्पतिसँग जोडिएको मुद्दा पर्ने गरेको छ ।
आर्थिक वर्ष २०७८–७९ मा मधेश प्रदेश उच्च अदालतमा एक हजार ७ सय ३७ सम्पत्तिसम्बन्धी मुद्दा परेको थियो । त्यसैगरी, आर्थिक वर्ष २०७९–८० मा उच्च अदालत जनकपुरमा ६ सय ४८ वटा सम्पत्तिका मुद्दा परेकामा ३ सय १३ वटा फछ्र्योट भएको थियो । अहिले पनि ३ सय ३५ वटा बाँकी नै छ । उच्च अदालतका उपरजिस्ट्रार सुशीलकुमार यादवले भाइभाइमा समेत थोरै जग्गाका लागि समेत विवाद हुदा अदालतसम्म मुद्दा आउने गरेको छ । पहिला गाउँमै यस्ता विवादको किनारा लगाउने गरिए पनि अहिले विवाद अड्डा अदालतसम्म पुग्ने गरेको छ । यादवले सम्पत्तिको मूल्यांकनसमेत केही समय यता आएर निकै बढेकाले समेत थोरै जग्गालाई लिएर मुद्दा अदालतमा आउने गरेको जिकिर गरे ।
तराईमा जमिन नभएका किसान परिवार सामाजिक र राजनीतिकरुपमा पछाडि छन् । यहाँको समाजमा सम्पत्तिलाई बढी नै महत्व दिइएको पाइन्छ । सरकारका गलत नीतिले समेत जग्गाको महत्व बढाएका छन् । घरमा बिजुलीको मिटर जोड्न जग्गाकै लालपूर्जा चाहिन्छ । जग्गाको पूर्जा बिनानागरिकता पाउन पनि कठिन छ । आम्दानी र सामाजिक शासनको प्रमुख आधार पनि जमिन नै रहँदा झगडा पनि यसैमा बढी देखिएको छ । अचेल गुठी र सार्वजनिक जग्गा आफ्नो बनाउन भूमाफियाको पनि चलखेल निकै छ । नितान्त निजी सम्पत्तिको महत्व पाउँदा जग्गासँग माफिया र अरु अपराध पनि जन्मिएका छन् । सरकारले जग्गाको विषयमा प्रष्ट नीति बनाएको देखिँदैन । मधेशको भूमि उत्पादनको दृष्टिले उर्वर मानिन्छ । देशको कुल जमिनको २१ प्रतिशत अर्थात् ३० लाख हेक्टर मात्र खेतीयोग्य जमिन छ, जसमध्ये २० प्रतिशत बाँझो छ । ९ प्रतिशत धनीसँग ४६ प्रतिशत खेतीयोग्य जग्गा छ । ६७ प्रतिशत न्यून वर्गको स्वामित्वमा १७ प्रतिशत मात्र जमिन छ । यसले समेत विवाद ल्याउने गरेको छ भने यस्ता विवाद समाज हुँदै अड्डा अदालतसम्म पुग्ने गरेका छन् ।

# रेग्मीको अध्यक्षतामा आजपा उपत्यका विशेष कमिटी



**मधेशदृष्टि**
**रौतहट ।**
प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) को काठमाडौंमा बुधबार बसेको बैठकले उपत्यका विशेष कमिटी गठन गरेको छ । कमिटीको अध्यक्षमा देवी पण्डित रेग्मी र सचिवमा सुनिता साह रहेको उपत्यका विशेष कमिटी १ सय ७ सदस्यीय रहेको छ ।

कमिटी इन्चार्जमा पार्टीका वरिष्ठ उपाध्यक्ष तिलक थापामगर छन् । आजपा अध्यक्ष प्रभु साहले कमिटीमा रहेका पदाधिकारी एवम् सदस्यलाई बधाई तथा शुभकामना व्यक्त गर्दै पार्टीको नीति, कार्यक्रम र उद्देश्यअनुसार पार्टी काममा जुटन आग्रह गरेका छन् ।

उपत्यका विशेष कमिटीको सदस्यमा श्री ठाकुर, टाइसन लामा, विवेक साह, पंकज सिंह, पेम्बा लामा, ईश्वर सुनार, शुक्रराज तामाङ, मिलन मगर, समिर मगर, रोदन लामा, प्रदीप साह, रमेश यादव, आशीष तामाङ, अभिशेक लामा, चन्द्रिकालाल साह, समिरा नासिर, मनिष साह, चन्द्रशेखर मण्डल, रेखा साह, कृष्ण जैसवाल, गौरीप्रसाद जैसवाल, अरुणकुमार साह, राजकुमार यादव, दिनेश साह रहेको प्रवक्ता चन्द्रभूषण साहले जानकारी दिए ।

यसैगरी सदस्यहरुमा जयनारायण यादव, रामकुमार महतो, रामविश्वास सिंह, जेनिसा लामा, सन्दिप पहरी, मानबहादुर तामाङ, लालबहादुर थामी, सूर्यबहादुर राई, नविन माझी, समिर योञ्जन, विक्रम तामाङ, चन्द्र मगर, विरमान तामाङ, अमर सुनार, भरत श्रेष्ठ, ललन बैठा, कुनाल जैसवाल, लालबाबु प्रसाद, राजकुमार साह, कमोद्प्रसाद साह, सुजित कुमार, विनोद ठाकुर, सन्तोष साह, किशोरी साह, जयप्रकाश यादव, प्रदिप राम, संजय साह, राजेन्द्र साह, इन्दल साह, पनिलाल साह, दिपेन्द्र चौधरी, राजेश शर्मा, दिनेशकुमार साह, अनिल साह, लखिन्द्र साह, विरबल यादव, दिनकर साह, मोनिष बरुवाल, रेखा रिमाल, आशा श्रेष्ठ लगायतका छन् ।

यसैबीच, नवनिर्वाचित उपत्यका विशेष कमिटीको बसेको बैठकले वैशाख २० गते भन्सार विभाग घेराउ तथा धर्ना कार्यक्रमलाई प्रभावकारी बनाउने निर्णय गरेको छ । आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहको विशेष उपस्थितिमा कमिटीका अध्यक्ष रेग्मीको अध्यक्षतामा बसेको बैठकले भन्सार कानूनमा रहेको कथित ४५ प्रतिशत पुरस्कारको लुटकारी व्यवस्थाविरुद्ध निर्णायक आन्दोलन गर्ने र संगठन निर्माण कार्यलाई तिव्रगतिमा अगाडि बढाउने निर्णय गरेको हो ।

भन्सार नियन्त्रणका नाममा तराई क्षेत्रको जनताको निजी सम्पत्ति लुट्ने काम तुरुन्त बन्द गर्न र भन्सार कानूनमा रहेको कथित ४५ प्रतिशत पुरस्कारको लुटकारी प्रावधान हटाउन झण्डै ६ महिना देखि आजपाले निरन्तर संघर्ष गर्दै आएको छ । देशको समृद्धि एवम् सीमा क्षेत्रको जनताको भविष्यसँग जोडिएको भियानमा सबै एकजुट भएर लाग्न अध्यक्ष साहले अपिल गरेका छन् ।

# नियम मिचेर बढुवामा दबाब दिँदै गृहमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीमा तीन प्रहरी नायब महानिरीक्षक (डिआइजी) पद रिक्त छ । वरियता, रोलक्रम र कार्यसम्पादन मूल्यांकनका आधारमा वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) बढुवा हुने हुन्, अरु कोही त्यहाँ पदपूर्ति हुने होइन । तर उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछाने बढुवामा नियम मिचेर केही जुनियरलाई बढुवा गर्न दबाब दिइरहेका छन् जबकि प्रहरी महानिरीक्षक (आइजी) वसन्तबहादुर कुँवरकै ब्याचीहरू एसएसपी कायम छन् । लामिछाने आइजीका ब्याची छाडेर आफू अनुकुलका एसएसपीलाई डिआयजी बनाउन दबाब दिइरहेको खुलेको हो ।



डिआइजी विकासराज खनालले अवकाश पाएका छन्, डिआइजी उमेशराज जोशी र भीमप्रसाद ढकाल अतिरिक्त महानिरीक्षक (एआइजी) मा बढुवा भए । यो ठाउँमा ५७ एसएसपीबाट ३ जनाको मात्रै पालो आउँछ । कार्यरत ५७ एसएसपीमा चार जना सिनियर छन्, कृष्णहरि शर्मा पोखरेल, ध्रुवराज राउत, भोलाबहादुर रावल र गणेश चन्द ।

तर गृहमन्त्री लामिछानेले एसएसपी दानबहादुर कार्की र मनोजकुमार केसीलाई बढुवा गर्न चाहिरहेका छन् । जबकि कार्की र केसी भन्दा अगाडि २०५१, २०५२ र २०५३ का ब्याची एसएसपी पनि बढुवाको आसामा छन् ।

यसअघिका गृहमन्त्री नारायणकाजी श्रेष्ठले कार्की र केसीलाई अवधि नपुग्दै हटाएर काठमाडौँमा भूपेन्द्र खत्री र अपराध अनुसन्धान कार्यालयमा सोमेन्द्रसिंह राठौरलाई पठाएका थिए । अहिले माओवादी नेतृत्वकै सरकारका गृहमन्त्री लामिछाने यिनै दुई एसएसपीलाई बढुवा गर्न दबाब दिइरहेका छन् भने एसएसपी राठौर र खत्रीलाई पनि पूरा अवधि काम गर्न नदिएर अन्तै पठाइसकेका छन् । यसअघि लामिछानेले नियम मिचेर तराईका पाँच जिल्लामा डेढ महिनामा नै जिल्ला प्रहरी प्रमुखलाई सरुवा गरेका थिए । यस्तै, उनले एसपी र डिएसपी बढुवा गर्दा पनि विवादित निर्णय गरेका छन् । लामिछानेको अस्वाभाविक रुचिले प्रहरी संगठनमा असन्तुष्टि र विद्रोहको संकेत गरिरहेको छ ।

## १६ सशस्त्र डिआइजीको सरुवा

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बलका १६ नायब महानिरीक्षक (डिआइजी) र १८ एसएसपीको सरुवा भएको छ । एक वर्ष भन्दा बढी समय पूरा गरेका डिआइजी र एसएसपीको नियमित सरुवा भएको गृह मन्त्रालयले जनाएको छ । मन्त्रिस्तरीय निर्णयबाट १६ डिआइजीको सरुवा भएको हो ।

सरुवा अनुसार, कोशी प्रदेशस्थित बराहा बाहिनी मुख्यालय सुनसरीमा शम्भु सुवेदीको सरुवा भएको छ । मधेश प्रदेशस्थित छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीमा कालीदास धौबजी तथा सुर्खेतस्थित महेश्वरी बाहिनीमा दुर्गाप्रसाद भट्टराई र हाल बढुवा भएका डिआइजी दीपक अधिकारीको सुदूरपश्चिमस्थित बैद्यनाथ बाहिनी मुख्यालय कैलालीमा सरुवा भएको छ ।

गणेशबहादुर ठाडा मगर सीमा सुरक्षा विभागबाट नम्बर ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुर, सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान प्रमुख डिआइजी कमल गिरीको सोही ठाउँमा दरबन्दी कायम भएको छ । कमलबहादुर नेम्बाङ नम्बर ४ मुक्तिनाथ बाहिनी पोखरा सरुवा भएका छन् । नम्बर ५ बिन्ध्यावासिनी बाहिनी कपिलवस्तुका अभिकुमार खत्रीको त्यहीँ दरबन्दी कायम भएको छ ।

# देशभर एक सय ६५ ठाउँमा डढेलो

**रासस**
**काठमाडौं ।**
देशभर वन डढेलोको अवस्था विकराल बन्दै गइरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बुधबार ३९ जिल्लाका एक सय ६५ स्थानमा वन डढेलो लागिरहेको छ । वर्षा नभएमा अझै पनि वन डढेलो बढ्दै जाने भन्दै सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् । यता जल तथा मौसम विज्ञान विभागअन्तर्गत जल तथा मौसम पूर्वानुमान महाशाखाले भने तत्कालका लागि डढेलो नियन्त्रण हुने किसिमको वर्षा नहुने बताएको छ ।

महाशाखाका मौसमविद् गोविन्द झाले आगामी तीन दिनसम्म मुलुकको केही स्थानमा छिटफुट मात्रै वर्षाको सम्भावना भए पनि डढेलो नियन्त्रण हुने गरी पानी नपर्ने जानकारी दिए । 'आगामी तीन दिनसम्म कोशी, गण्डकी, कर्णालीका केही पहाडी भेगमा आंशिक बदलीसहित छिटफुट वर्षाको सम्भावना रहेको छ,' उनले भने, 'तर वन डढेलो नै नियन्त्रण हुने किसिमको पानी पर्ने सम्भावना तत्काल छैन । अन्य भूभागमा भने मौसम सफा रहनेछ ।' वन डढेलो नियन्त्रणकै कारण ललितपुरमा दुई जनाले ज्यान गुमाइसकेका छन् । गोदावरी नगरपालिका–४ बडीखेलस्थित तपेश्वर सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा शङ्कर पहारीको मङ्गलबार तथा रमेश पहारीको बुधबार बिहान मृत्यु भएको हो ।

प्राधिकरणका डढेलो विज्ञ सुन्दर शर्माले लामो समयसम्म पानी नपरेको र सुक्खा भएका कारण वन डढेलो नियन्त्रणमा आउन गाह्रो भइरहेको बताए । 'आज पनि देशभर डढेलोको अवस्था विकराल बनेको छ । नेपालको भौगोलिक विकटताका कारण नियन्त्रणमा थप समस्या उत्पन्न भइरहेको छ,' उनले भने, 'पानी परेको छैन तर हावाहुरीले वारिको आगो पारि पुऱ्याएर डढेलो फैलिरहेको छ ।' उनका अनुसार डढेलोबाट सल्यान, सुर्खेत, कैलाली, दैलेख, डोटीलगायतका जिल्ला प्रभावित भएका छन् । वन डढेलोका कारण ज्यान र मानवीय बस्ती नै कसरी बचाउने भन्ने चिन्ता भएको उनको भनाइ छ । शर्माले वन डढेलोका कारण बर्सेनि ८० घर जल्ने गरेको जानकारी दिए । उनका अनुसार नेपालमा साधारणतया वर्षमा दुइ हजार पाँच सयको हाराहारीमा डढेलोको घटना हुन्छन् । '८० प्रतिशत वन डढेलोको घटना फागुनको मध्यदेखि जेठको मध्यसम्म चार महिनामा हुने गर्छ । चैत र वैशाखमा मात्रै ६० प्रतिशत डढेलोको घटना हुने गर्छ । यस कारण अहिले हामी उच्च जोखिमको समयमा छौँ,' शर्माले भने, 'मध्य फागुनदेखि जेठको मध्यसम्म डढेलोको घटना हुने भएकाले यो समयमा एकदमै सतर्क भएर बस्नुपर्ने अवस्था छ । वैशाखको दोस्रो साता एकदमै डढेलो लाग्ने गर्छ । यो समयमा डढेलोको घटना बढी हुने गरेको पाइन्छ ।'

वनविज्ञ डा. सोनी बराल गौलीले वनको दिगो व्यवस्थापन हुन नसक्दा वन डढेलोको घटना पनि बढिरहेको भन्दै संरक्षणमुखी वन व्यवस्थापनमा भन्दा व्यवस्थापनमुखी वन विकासमा जोड दिनुपर्ने बताइन् । डिभिजन वन कार्यालय ललितपुरका वन अधिकृत थीरप्रसाद कोइरालाले जङ्गली जनावरले घरपालुवा जनावरलाई आक्रमण गर्ने र जङ्गली जनावार धपाउनका लागि पनि वनमा आगो लगाउने गरेको जानकारी दिए । मानवीय कारणले नै जङ्गलमा आगलागीका घटना बढिरहेको उनको भनाइ छ ।

वन डढेलो नियन्त्रण गर्नकै लागि अहिले डिभिजन वन कार्यालयले व्यापक जनचेतनाका कार्यक्रम सुरु गर्न थालेका छन् । यस्ता घटनामा मानवीय गतिविधि रोक्न केही डिभिजन वन कार्यालयले सिसी क्यामरा जडान कार्यसमेत सुरु गर्न थालेको छ । चुरोट सल्काएर सलाइको काँटी तथा चुरोटको ठुटा जङ्गलमा फाल्ने, जङ्गलमा घाँस पलाउने भन्दै जाना जान लगाउनेजस्ता मानवीय गतिविधिका कारण जङ्गलमा आगो लाग्ने गरेको डिभिजन वन अधिकृतको भनाइ छ । सिसी क्यामरा जडान गरेर डढेलो लगाउनेलाई कानुनअनुसार कारबाहीको दायरामा ल्याउन पनि वनविद्हरुको सुझाव छ । कपिलवस्तुका डिभिजन वन अधिकृत विजयराज सुवेदीले मानिसले जानाजान जङ्गलमा आगो लगाउन थालेपछि नियन्त्रणका लागि सिसी क्यामरा जडान अगाडि बढाइएको बताए । 'हाल दुई वटा सिसी क्यामरा जडान भइरहेको छ, अब सिसी क्यामरा जडानको प्रक्रियालाई प्राथमिकतामा राखेर अगाडि बढाउने सोच बनाएका छौँ,' उनले भने, 'नभए त जङ्गलमा गएर आगो लगाउने गतिविधि नै नरोकिने भयो । कारबाहीको दायरामा ल्याउन पनि सहज हुनेछ ।'

यस्तै अन्य डिभिजन वन कार्यालयले पनि यस्ता मानवीय गतिविधि नियन्त्रणका लागि वन क्षेत्रमा सिसी क्यामरा राख्ने तयारी गरेको जनाइएको छ । यसका साथै वनका पातपतिङ्गर सफा गरेर आगलागी हुन नदिनेलगायतका कार्य अगाडि बढाइएको छ । मानिसले जङ्गलमा आगो लगाएमा कारबाही हुने कानुनी व्यवस्था छ । वन ऐन २०७६ को दफा ४९ को 'घ' मा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा सजाय हुने व्यवस्था गरिएको छ । 'कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ,' ऐनमा उल्लेख छ । वन डढेलो व्यवस्थापन रणनीति २०६७ ले डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवम् सुदृढीकरण गर्ने, डढेलो रोकथाम तथा नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकाय परिचालन गर्ने, डढेलोबाट हुनसक्ने जोखिमबारे अग्रिम जानकारी लिन पूर्वतयारी गर्नेलगायतका लक्ष्य राखेको छ । वन डढेलो व्यवस्थापन रणनीति २०६७ ले डढेलो व्यवस्थापन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको निर्माण एवं सुदृढीकरण गर्ने, डढेलो रोकथाम तथा नियन्त्रणमा स्थानीय समुदाय, नागरिक समाज, सरकारी तथा गैरसरकारी निकाय परिचालन गर्ने, डढेलोबाट हुनसक्ने जोखिमबारे अग्रिम जानकारी लिन पूर्वतयारी गर्नेलगायतका लक्ष्य राखेको छ ।

यसैगरी, आगोको व्यवस्थित प्रयोगबाट पारिस्थितिकीय प्रणालीमा सकारात्मक प्रभाव र स्थानीय जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने, आन्तरिक तथा अन्तरदेशीय डढेलो विपद् तथा यसबाट उत्पन्न जलवायु परिवर्तनलगायत वातावरणीय समस्या समाधानका लागि द्विपक्षीय, बहुपक्षीय समन्वय, सहकार्य र सहयोग विस्तार गर्ने रणनीतिमा उल्लेख छ । रणनीतिको मुख्य लक्ष्य डढेलोबाट हुने जन, धन, वन, जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीको क्षतिलाई न्यूनीकरण गर्दै यसको उचित व्यवस्थापनबाट वनको उत्पादकत्वमा टेवा पुऱ्याउनु रहेको छ ।

नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्ने, बहुसरोकारवालाको संलग्नतामा वन क्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनको परिमार्जन गरी डढेलो व्यवस्थापनसम्बन्धी विषयलाई समावेश गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने डढेलो निरोधात्मक रणनीति रहेको छ । साथै, नयाँ बन्ने वनसम्बन्धी नीति, रणनीति, ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनमा वन डढेलोको विषय समावेश गरिने वन तथा भूसंरक्षण मन्त्रालय र अन्तर्गतका निकायको संस्थागत संरचना सुधार गरी वन क्षेत्रबाहेकका अग्नि प्रकोप व्यवस्थापन तथा नियन्त्रण सम्बन्धित निकायसँगको समन्वयमा डढेलो व्यवस्थापन संरचना वा संयन्त्रको विकास गरिँदै लगिने रणनीति छ । तर रणनीतिको प्रभावकारी कार्यान्वयनको अभाव रहेको बताउँछन् सामुदायिक वन उपभोक्ता महासङ्घ फेकोफनका अध्यक्ष ठाकुर भण्डारी । 'वनमा लागेको आगलागी नियन्त्रणमा जाँदा उपभोक्ताको ज्यानै गएको छ,' उनले भने, 'सरकारले कसरी सुरक्षित तरिकाले आगलागी नियन्त्रण गर्ने भन्ने विषयमा क्षमता अभिवृद्धि गर्न जरुरी छ ।'

# सहिदकप अन्तरप्रदेश टी–२० लाई मधेश टिम घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सहिदकप अन्तरप्रदेश टी–२० क्रिकेट प्रतियोगिताका लागि मधेश प्रदेश टिम घोषणा भएको छ । बिहीबारदेखि जनकपुरधाममा मधेश प्रदेश सरकारको आयोजनामा हुन लागेको प्रतियोगिताका लागि राहुल मण्डलको कप्तानीमा मधेश टिम घोषणा गरिएको हो । मण्डलको कप्तानीमा घोषणा भएको टिममा रोशन विक, साहिल पटेल(विकेट किपर), अर्निको यादव, सनी साह, मयन यादव, विशाल सुल्लिङ, निखिल सिंह, अभिशेक तिवारी, विशाल पटेल, सम्साद मन्सुरी, प्रदिप पासवान, रुपेश सिंह र भुलवान सहनी रहेका छन् । वैशाख २० गतेदेखि २८ गतेसम्म चल्ने प्रतियोगितामा सातवटा प्रदेश टिम र एउटा आयोजक टिम गरी ८ वटा टिम सहभागी छन् । पहिलो खेल बिहीबार मधेश प्रदेश र कोशी प्रदेशबीच बिहान ११ बजेदेखि रामजानकी रंगशालामा हुने आयोजकले जनाएको छ । यस्तै, दोस्रो खेल मधेश र गण्डकी प्रदेशबीच शुक्रबार बिहान साढे ८ बजेदेखि र दिउँसो १ बजेदेखि कर्णाली प्रदेश र कोशी प्रदेशबीच हुने छ । यस्तै, शनिबार बिहान साढे ८ बजेदेखि मधेश र कर्णाली, दिउँसो १ बजेदेखि गण्डकी र कोशीबीच, आइतबार बिहान साढे ८ बजेदेखि कर्णाली र गण्डकीबीच खेल हुनेछ भने दिउँसो १ बजे बागमती र लुम्बिनी प्रदेशबीच खेल हुने तालिका छ । यस्तै, सोमबार बिहान साढे ८ बजे सुदूरपश्चिम र लुम्बिनीबीच खेल हुनेछ भने जनकपुर–११ र बागमती प्रदेशबीच दिउँसो १ बजे खेल हुने तालिका छ । मंगलबार सुदूरपश्चिम र बागमती प्रदेशबीच बिहान साढे ८ बजे र दिउँसो १ बजे लुम्बिनी र जनकपुर–११ बीच दिउँसो १ बजेदेखि खेल हुने छ । बुधबार बिहान साढे ८ बजे जनकपुर–११ र सुदूरपश्चिम प्रदेशबीच खेल हुनेछ । यस्तै, वैशाख २७ गते बिहीबार दुईवटा सेमिफाइनल र २८ गते फाइनल खेल साढे १२ बजेदेखि हुने आयोजकले जनाएको छ ।

# सभामुख हृदय केन्द्र भर्ना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल काठमाडौँस्थित गंगालाल राष्ट्रिय हृदय केन्द्रमा भर्ना भएका छन् ।
छातीमा समस्या देखिएपछि सभामुख मण्डल काठमाडौँमा उपचारका लागि गएका हुन् । उनको स्वास्थ्य परीक्षण भएको छ ।

# २१६ किलो गाँजासहित दुई पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले निजगढ नगरपालिका वडा नम्बर १० स्थित रतनपुर सडकबाट गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।
ना ५ ख ७५५२ नम्बरको ट्रकमा २ सय १६ किलो गाँजासहित जीतपुरसिमरा उपमहानगरपालिका–२ का ३२ वर्षीय दीपक कोइराला र मकवानपुरको हेटौँडा–१३, पदमपोखरीका ३० वर्षीय जीवन घलानलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक महेन्द्र खड्काले जानकारी दिए ।

# मैथिली चलचित्र ‘लेबर’बारे जानकारी



मैथली भाषामा निर्माण हुने चलचित्र ‘लेबर’ को श्रव्यदृश्य (टिजर) सार्वजनिक गरिएको छ । काठमाडौँको सुन्धारास्थित सिटिसी मलमा रहेको सिने डी सेफमा निर्देशक पुर्णेन्दु के झा, कलाकार रवीन्द्र झा, साहित्यकार धीरेन्द्र प्रेमर्षी लगायतको उपस्थितिमा फिल्मको टिजर सार्वजनिक गरिएको हो । लेबरको अर्थ श्रमिक र मजदुर । सोही विषयवस्तुमा आधारित पूर्णेन्दु झाद्वारा लिखित तथा निर्देशित ‘लेबर’ को टिजर १३५औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा बुधबार सार्वजनिनक गरिएको हो । चलचित्रको छायांकन सकिए पनि चलचित्रको कथावस्तु भने खुल्न सकेको छैन । तर, गहिरो र संवेदनशील विषयवस्तुमा बनेका चलचित्र आफैंमा अभूतपूर्व छन् ।

तथ्यांकअनुसार बर्सेनि ५ लाख नेपाली रोजगारीको खोजीमा श्रम बजार जाने गर्छन् । गत वर्ष ४ लाख ९४ हजार २ सय २४ नेपाली कामदार श्रमको खोजीमा १४४ देशमा गएका थिए ।

यी अधिकांश कामदारहरू मधेश प्रदेशका छन् जसले आफ्ना छोराछोरी र परिवार छोडेर सुनसान ठाउँमा श्रम बेच्ने गरेका छन् । गरिबी, अभाव र रोजगारीको अभाव वैदेशिक रोजगारीका प्रमुख कारण हुन् । यी प्रवासी नेपालीको बलमा देश चलिरहेको छ, रेमिट्यान्स आउँछ र सरकार ‘उत्सव’मा छ ।

तर ती मजदुरहरूप्रति सरकारको असहिष्णुता कायमै छ । फिल्मका लेखक तथा निर्देशक पूर्णेन्दु भन्छन्, ‘लेभरसङ्गे लबरई नाइ सरकार !’ नेपाली, मैथिली र भोजपुरी गरी तीन भाषामा फिल्मको टिजर सार्वजनिक गरिएको छ । ‘फिल्मले नेपाली श्रमिकहरुको कथा र पीडा बोकेको छ । फिल्मको टिजर मन पर्यो । आश गरौँ फिल्म पनि राम्रो हुन्छ, कार्यक्रममा उपस्थित एक जनाले भने ।

# हरवाचरवालगायत कृषि मजदुरका समस्या समाधानका लागि आग्रह



**रासस**
**जनकपुरधाम ।**
दासप्रथाको अवशेषका रुपमा रहेका हरवाचरवालगायत प्रथा अन्त्य र कृषि मजदुरका समस्या समाधानका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूले सरकारसँग आग्रह गरेका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बुधबार संयुक्त प्रेस विज्ञप्ति जारी गरी राष्ट्रिय हरवाचरवा अधिकार मञ्च र राष्ट्रिय दलित नेटवर्क नेपाल (आरडिएन) ले सबैप्रकारका श्रम शोषणको अन्त्य गर्दै मुक्त हरवाचरवा, कम्लहरी, हलिया तथा कमैयाको पूर्ण पुनर्स्थापनाका लागि सङ्कल्प गर्न सरकारलाई आग्रह गरेका हुन् । ‘नेपालको संविधानको धारा २४ (छुवाछूतविरुद्धको हक), २९ (शोषणविरुद्धको हक) र ४० (दलित हक) विपरित अहिले पनि पश्चिम नेपालका मुक्त कमैया, कम्लहरी तथा हलियाहरूको पुनर्स्थापनाका काम अझै पूरा हुनसकेका छैनन् ।
त्यसैले सरकारले गठन गरेको मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवा अध्ययन समितिको प्रतिवेदन कार्यान्वयन गर्न र पुनर्स्थापनासम्बन्धी कार्यविधि पारित गरी तत्काल पुनर्स्थापनाका बाँकी काम अगाडि बढाउन आग्रह गर्दछौँ’, विज्ञप्तिमा उल्लेख छ । त्यस्तै, मधेश प्रदेशका आठ जिल्लामा विद्यमान हरवाचरवा प्रथा मुक्तिको घोषणा गरिए पनि पुर्नस्थापनाका लागि प्रारम्भिक कामसमेत अगाडि बढ्न नसकेकामा सरोकारवालाहरूको ध्यानाकर्षण गराइएको छ ।
‘कृषि तथा सेवालगायत श्रमका विभिन्न क्षेत्रमा श्रम र सीप लगानी गरी मधेश प्रदेशको समृद्धिमा योगदान गरिरहेका एक लाखभन्दा बढी हरवाचरवा परिवारको तथ्याङ्क सङ्कलन, प्रमाणीकरण तथा वैज्ञानिक वर्गीकरणसहित पुनर्स्थापनाका कामअघि बढाउन माग गर्दछौँ । कृषि मजदुरको अवस्था बदल्नका लागि मर्यादित श्रम, उचित पारिश्रमिक एवं सामाजिक सुरक्षालगायतका श्रमिक अधिकारलाई सुनिश्चित गर्नेतर्फ अग्रसर हुन श्रमिक दिवसले सबैलाई प्रेरणा प्रदान गरोस्’, अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डल र आरडिएनका अध्यक्ष मोहन ओडद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ ।

गरम हावा/लू से बचे खातिर यी बातसब ध्यान मे राखल जावो

- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुत्ता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।

जनहितमे जारी सन्देश
Tv BIRGUNJ RADIO मधेशदृष्टि राष्ट्रिय दैनिक 95.5 FM

# श्रमिकको मुद्दा सम्बोधन गर्न संघर्षको विकल्प छैन



**मधेशदृष्टि**
**रौतहट ।**
समाजवादी ट्रेड युनियन महासंघका सहअध्यक्ष विन्देश्वर यादवले श्रमिकको अधिकारको लागि संघर्षको विकल्प नरहेको बताएका छन् । काठमाडौँमा आयोजित १३५ैंओ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा काठमाडौं स्थित आयोजित कार्यक्रममा सह–अध्यक्ष यादवले सो कुरा बताएका हुन् । यादवले श्रमिकका मुद्दा सम्बोधन गर्नका लागि सरोकारवाला सबै पक्षहरु एक हुनुको विकल्प नरहेको भन्दै त्यसका लागि समाजवादी ट्रेड युनियन महासंघले दबाबमूलक कार्यक्रम आयोजना गर्ने बताए ।
ठूला ट्रेड युनियनहरुले यथास्थिति र प्रतिगमनकारी दल र तिनका ट्रेड युनियनसँग सहकार्य गर्ने तर परिवर्तनकारी शक्ति र तिनका ट्रेड युनियन महासंघलाई पाखा लगाउने काम गरेको प्रति उनले गम्भीर आपत्ति जनाएका थिए ।

# निःशुल्क स्वास्थ्य शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २१ पटेलनगरमा बुधबार बृहत निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।
जीवन रेखा समाज ललितपुर र नेशनल मेडिकल कलेजको संयुक्त आयोजनामा सम्पन्न शिविरमा ७ सय १९ जनाको स्वास्थ्य परिक्षण गरिएको छ । पटेलनगरस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयको परिसरमा आयोजित शिविरमा १८७ जना पुरुष, १५७ जना महिला र ३७५ जना बालबालिका गरी ७ सय १९ को स्वास्थ्य परिक्षण गर्नुका साथै निःशुल्क औषधि वितरणपनि गरिएको शिविरका इन्चार्ज विकास गुप्ताले जानकारी दिनुभयो । शिविरमा जेनलल मेडिसिन, गाइनो, अर्थोपेडिक, दाँत, नाक, कान, घाँटी, मुटु, छाला लगायतका समस्याको चेकजाँच गरिएको थियो । शिविरमा नेशनल मेडिकल कलजेका डाक्टर प्रवेज अन्सारी, डाक्टर प्रवीण साह, डाक्टर ओमप्रकाश पडित, डाक्टर अभिनाष सिंह, डाक्टर फिरोज अन्सारी, डाक्टर श्वाती साह, डाक्टर सन्जिव लगायतका चिकित्सकको टोलीले बिरामीहरुको स्वास्थ्य जाँच गरेका थिए । शिविरको उद्घाटन हिमाल डिष्टिलरी प्रालिका जेनरल म्यानेजर नवीन उपाध्यायले गरेका थिए ।
शिविरमा नेशनल मेडिकल कलेजका प्रशासन अधिकृत शेख फिरोजको पनि उपस्थिति थियो ।

# मालपोत कार्यालय लहानको भवन आठ वर्षसम्म पनि अधुरै




**रासस**
**सिरहा ।**
दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित आठ वर्षअघि निर्माण सुरूगरिएको सिरहाको लहानस्थित मालपोत कार्यालय भवन अधुरै छ । सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय राजविराज सप्तरीले दुई वर्षमा सम्पन्न गर्ने गरी विसं २०७२ असार ७ मा मृत संजीवनी, गहिल जे.भी. राजविराजसँग सम्झौता गरेको थियो ।
मूल्यअभिवृद्धि करबाहेक दुई करोड ९१ लाख ८७ हजार दुई सय रुपैयाँमा निर्माण गरिने भनिएको भवनको कार्यप्रगति हालसम्म करिब ६५ प्रतिशतमात्रै छ । भवन निर्माण आयोजना राजविराका इन्जिनियर उदय चौधरीले सडक डिभिजन कार्यालय लहान र मालपोत कार्यालय लहानबीच जग्गाको स्वामित्व विवाद, विभागबाट भवनको ‘भेरिएसन आदेश’ स्विकृतिमा ढिलाइजस्ता कारणले आठ वर्षसम्म पनि भवन निर्माण नभएको बताए । निर्माण व्यवसायी सन्तोष दासले सडक डिभिजन कार्यालय र मालपोत कार्यालय लहानबीचको जग्गा विवादका कारण पूर्वनिर्धारित स्थान सार्नुपरेकाले निर्माणमा ढिलाइ भएको दाबी गरे । ‘अहिले जुन ठाउँमा मलपोत कार्यालय भवन बनिरहेको छ, त्यसको दक्षिणतर्फ भवन निर्माणका लागि नक्साङ्कन गरिएको थियो । ठाउँ परिर्वतन भएपछि भवन निर्माणका लागि पुनः डिजाइन स्वीकृति माग्दा दुई वर्षसम्म काम अगाडि बढ्न सकेन’, चौधरीले भने, ‘एकतला निर्माणपछि दोस्रो तलामा निर्माण सामग्रीको लागत विवरण नै फरक परेपछि ‘भेरिएसन’ स्वीकृतिका लागि फेरि डेढ वर्ष कुर्नुपर्यो । त्यसपछि कोरोना महामारी, भुक्तानीमा ढिलाइजस्ता कारणले निर्माण समयमा हुनसकेन ।’ अब अन्तिमपटकका लागि आगामी पुस मसान्तसम्म निर्माण सम्पन्न गर्नेगरी म्याद थपको पहल भइरहेको पनि चौधरीको भनाइ छ । विसं २०५४ सालमा स्थापना भएको लहान मालपोत कार्यालय सुरूदेखि नै निजी भवन भाडामा लिएर सञ्चालन भइरहेको छ । कार्यालय प्रमुख दिपेन्द्र नारायण चौधरीले समयमा भवन निर्माण नहुँदा बर्सेनी छ लाख रुपैयाँभन्दा बढी भाडा तिर्नुपरेको र पर्याप्त स्थानको अभावमा दैनिक कार्यसञ्चालनमा समेत कठिनाइ भइरहेको बताए । समस्या समाधान गरेर छिटो भवन निर्माणका लागि मौखिक तथा लिखितरूपमा ताकेता गर्दासमेत काम अगाडि बढ्न नसकेको उनको भनाइ छ । लहान मालपोत कार्यालयको सेवा क्षेत्रमा गोलबजार, लहान, धनगढीमाई र सुखिपुर नगरपालिका तथा नवराजपुर, भगवानपुर, बरियारपट्टी, सखुवानन्कारकट्टी र लक्ष्मीपुरपतारी गाउँपालिका गरी नौ पालिका पर्दछन् ।

# पंखा तथा शैक्षिक सामग्री वितरण



**मधेशदृष्टि**
**वीरगंज ।**
अहमदिया संघ नेपालले १० थान पंखा तथा शैक्षिक सामग्री वितरण गरेको छ । बुधबार एक कार्यक्रमकाबीच पर्साको बिन्दवासिनी गाउँपालिका वडा न ३ टोल इटियाही स्थित श्री नेपाल स्काउट निम्न माध्यमिक विद्यालयमा अहमदिया संघ नेपालले १० थान पंखा तथा शैक्षिक सामग्री वितरण गरेको हो ।
विद्यालयमा बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गरि चर्को घामको प्रकोपले स्वास्थ्यमा प्रतिकुल असर पर्ने संभावनाबाट बेलैमा ध्यान पुर्याई पंखा सहयोग गरिएको अहमदिया संघ नेपाल पर्सा इन्चार्ज हासिम अहमदले बताए ।
बिगत केही दिनदेखि अत्याधिक गर्मीका कारण विद्यार्थीहरुको अध्ययन अध्यापन प्रभावित नहोस् भन्ने उद्देश्यले विद्यालयलाई अध्ययन मैत्री बनाईदिन भन्दै संस्थाको पर्सा जिल्ला इन्चार्ज हासिम अहमदलाई आग्रह गरेपछि पंखा तथा शैक्षिक सामग्री उपलब्ध गराईएको विद्यालयका प्रधानाध्यापक प्रमोद प्रसाद चौरसियाले बताए । कार्यक्रममा अहमदिया संघ नेपालका कोषाध्यक्ष इसरायल अहमदले यस विद्यालयलाई आउने दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

विशेष अफरमा घमाधम बुकिङ्ग भइरहेको छ ।
डिलरको आवश्यक्ता
CROP CRUISER
धान, गेहु, मकैको लागि उपयोगी
अधिकृत विक्रेताः त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, पर्सा, मो.नं. ९८५५०२१०२०

*लक्ष्यमा पुग्नुभन्दा जरुरी भनेको राम्रोसँग यात्रा गर्नु हो ।*

*–बुद्ध*

## सम्पादकीय

### हरायो मधेश सरकार र अग्निपीडितलाई राहत

*वैशाख १२ गते महोत्तरीको मटिहानी–६ स्थित पछिहारी टोलको सुकुम्बासी बस्तीमा लागेको आगोले बस्ती खरानी भयो । दिउँसो १ बजे भएको आगलागीले टोलको १ सय ३ कच्ची घर जलेर खरानी बने । मधेश प्रदेशमा भएका अनिगिन्ति आगलागीमध्ये यो देखिएको ठूलो घटना थियो । उसो त मंगलबार सप्तरीको महादेवा, चिम्टीमा लागेको आगो पनि सानो होइन, त्यहाँ पनि ६५ घरका १ सय १४ घर टहरा जलेका छन् । यी दुई घटनाका अग्निपीडित केही दाताले दिएको चिउराभुजा, केही लत्ताकपडामा ज्यान बचाइरहेका छन् । जेष्ठ नागरिक र बालबालिका तथा महिलालाई बाँच्न निकै कठिन भएको छ । ४० डिग्री भन्दा बढी तापक्रममा उनीहरु बाँच्ने प्रयासमा छन् । स्थानीय सरकार, स्थानीय संघसंस्था र मनकारी दाताले दिएका न्यून राहतले उनीहरुको जीवनमा बाँच्ने आसा पलाएको छ तर प्रदेश सरकारको गतिविधि देखेर उनीहरु खुशी हुन सकेका छैनन् । निरास मात्र छन् । बस्तीमा आगो लाग्नुको कारण यकिन नभए पनि कसैले ग्यास सिलिन्डर विस्फोटबाट आगलागी भएको बताइरहेका छन् भने कसैले चुरोटको ठुटाबाट आगो सल्केर पूरै बस्ती खरानी भएको आँकलन गरिरहेका छन् । आगलागीको खास कारण पत्ता नलागे पनि बस्ती खरानी भएको हप्तादिन बितिसकेको छ ।*

*आगलागी जेसुकै कारणले भए पनि करिब ५ सय व्यक्ति प्रत्यक्षरुपमा प्रभावित बनेका छन् महोत्तरीमा । यस्तै सप्तरीको महादेवा, चिम्टीमा पनि सैयौँ परिवार बेघरबार बनेका छन् । उनीहरुलाई कहिले प्रदेश सरकारले राहत प्याकेज दिन्छ त कहिले घर बनाइदिन्छ भनेर 'चिप पपुलारिटी'मा रमाउने मधेश प्रदेश सरकारका मुख्यमन्त्रीको बोली पछिल्लो समय सुनिएको छैन । उनी कुन कुनामा ध्यानमग्न छन् या कुनै नयाँ काममा व्यस्त छन् र जिन्दगी बाँच्ने आसा गरिरहेका सैयौँको मनलाई सान्त्वना पनि दिन हिच्किचाइरहेका छन् । थाहा छैन, मधेश सरकार के जोखाना हेरेर बसिरहेको छ ? जंगबहादुर राणाको शासनमा पनि वैशाखमा आगलागी हुँदा सरकारले 'तुरुन्त कुवा खनेर आगो निभाउनू' भनेर आदेश गथ्र्यो रे, तर त्यो आदेश चैँ गाउँमा चैत २७ गते आइपुग्थ्यो भनेर पाकाहरु हसाउँछन् । कतै मधेश प्रदेश सरकारका मुख्यमन्त्रीको आदेश पनि हुलाक कार्यालयबाट आउँदै छ कि ? नत्र भने सिंगो बस्ती तावाको माछा झैँ भइरहेका बेलामा प्रदेश सरकार हराएको सूचना लगाउनु पर्ने गरी मधेश सरकार निदाउन नमिल्ने हो ।*

*आगलागीको ८ दिन बितेको छ । प्रदेश सरकारले भौतिक संरचना निर्माणको आसा पनि जगाउन सकेको छैन । यस्तो अवस्थामा जनतामा प्रदेश सरकारप्रति बढिरहेको वितृष्णाको पारो अरु बढ्नेमा शंका छैन । जनताको करबाट चलेको सरकारले जनता समस्यामा पर्दा बोल्न सकेन भने त्यो सरकार के काम ? यस्तोबेला बोल्न पनि नचाहने प्रदेश सरकार र प्रदेश सरकारका मन्त्रीहरुको रवैया देखेर सिंगो मधेशका जनता आजित भएका छन् । आक्रोशित भएका छन् । उनीहरुले प्रदेश सरकार छ भनेर अनुभूत गर्न सकेका छैनन् । अग्निपीडितहरु भनिरहेका छन्, 'राहत पनि हरायो, प्रदेश सरकार पनि हरायो ।'*

### लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सञ्चार तथा सूचना प्रविधिमा भएका सुधारहरु



नेत्र सुवेदी 'प्रयास'

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम साविकमा सूचना तथा सञ्चार मन्त्रालयले गर्दै आएका कार्यहरुमा सूचना प्रविधिको विषय समेत थप गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय नामाकरण भएको थियो । मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत आमसञ्चार, सूचना प्रविधि, दूरसञ्चार, हुलाक सेवा, मुद्रण सेवा र चलचित्र गरी छ वटा क्षेत्र तथा मन्त्रालयबाहेक १८ वटा निकाय साङ्गठनिक जिम्मेवारीमा रहेका छन् । सूचना आदानप्रदान गर्नका लागि गरिने सबै खालका परम्परागत तथा आधुनिक तरिका र शैलीहरु सञ्चार तथा सूचना प्रविधिको दायरामा पर्दछन् । नेपाली शब्दकोषमा सूचना प्रविधि खोजेर भेटिँदैन । यसका लागि सूचना र प्रविधि शब्दलाई अलगअलग केलाउनुपर्दछ वा च्याटजिपिटी वा गुगलको सहयोग लिनुपर्दछ ।

सन् २००४ मा प्रकाशित एडवार्ड कर्निसको पुस्तक फ्युचरिङ्ग द इक्स्प्लोरेसन अफ द फ्युचरमा संसारमा उथलपुथल ल्याउने केही विषयहरुमध्ये प्रविधिको उत्साहजनक प्रगतिलाई नम्बर एकमा राख्दै विभिन्न भविष्यवाणी प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा प्रक्षेपण गरेभन्दा अगावै कतिपय विषयहरु चरितार्थ हुँदै आएका पनि छन् । सूचना प्रविधिको युग भनेर चिनिने वर्तमान समयमा सूचना प्रविधिको विविध पक्षमा नीति, कानुन, पूर्वाधार तथा कार्यवातावरण तयार गर्ने जिम्मेवारी सफलतापूर्वक पूरा गर्नु पक्कै पनि चुनौतीपूर्ण पक्ष पनि हो ।

**सूचना तथा सञ्चार प्रविधि**

मन्त्रालयले नेपाल सरकारले जारी गरेको सूचना प्रविधि नीति, २०७२ अनुरुप आफ्ना कामकारवाहीहरु अघि बढाउँदै आएको छ । यो बाहेक ब्रोडब्यान्ड नीति र फ्रिक्वेन्सी नीतिसमेत प्रयोगमा रहेकामा गत वर्ष फ्रिक्वेन्सी नीति पुनरावलोकन भई २०८० को नयाँ संस्करण जारी भएको छ । सूचना प्रविधिसँग सम्बन्धित भएर केही वर्षदेखि राष्ट्रिय सूचना तथा सञ्चार दिवस मनाइँदै आएको छ । 'सुरक्षित सूचना प्रविधिः सुशासन र समृद्धि' भन्ने मूल सन्देशका साथ मे २ तदनुसार २०८० वैशाख १९ गते राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाइएको थियो । सोही दिवसको नयाँ संस्करणका रुपमा यो वर्ष 'समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार' भन्ने मूल सन्देशका साथ यही वैशाख २० गते भव्यरुपमा मनाउन लागिएको छ । यी दिवसहरुले विभिन्न क्षेत्रमा रहेका सूचना प्रविधिका लागि योगदान गर्नेहरुको सम्मान गर्ने र सहकार्य गर्ने वातावरण तयार गर्दछ ।

सूचना प्रविधिको प्रयोगले सार्वजनिक क्षेत्रमा काम गर्ने शैली, ढाँचा, जनशक्तिको प्रारुप, सङ्गठनमा प्रयोग हुने सामग्रीमा हलचल नै ल्याएको छ । एकीकृत सेवातर्फको यात्रा प्रारम्भ भएसकेको छ भने अनलाइन भुक्तानीमा चमत्कारिक रुपमा वृद्धि भएको छ । तथ्याङ्कलाई भण्डारण गरी पुनःप्रयोग गर्ने, पेपर भर्सनलाई डिजिटल भर्सनमा रुपान्तरण गरी अनलाइन सेवा सम्भव बनाउने जस्ता काम सूचना प्रविधिकै कारण सम्भव भएको हो । इन्टरनेट र कम्प्युटरको संयोजनले गर्दा कार्यप्रवाहमा अभूतपूर्व परिवर्तन आएको छ । यो संयोजनलाई 'साइबर स्पेस' भनिन्छ र साइबर स्पेश बढ्नु आफैँमा आधुनिक स्रोत माथि पहुँच पनि हो । त्यसो त साइबर अपराध हुन सक्ने घेरा फराकिलो हुँदै गएकाले त्यस्ता अपराधबाट सुरक्षणको लागिसमेत तयारी गर्नुपर्ने, सजगता अपनाउनुपर्ने र राज्यको तर्फबाट समग्र प्रयोगकर्ताको हितको लागि अग्रसर हुनुपर्ने जिम्मेवारी पनि थप भएको छ ।

सूचना प्रविधि संलग्न हुने कामकारवाहीको नियमन, शिक्षा सचेतना माध्यमबाट प्रविधिको प्रयोगलाई सिर्जनात्मक र सुरक्षित बनाउने, सूचना प्रशोधन र प्रवाह गर्ने, डिजिटल साक्षरतालगायतका विषय पनि मन्त्रालयको जिम्मेवारीमा पर्दछन् । यसबाहेक पनि सामाजिक सञ्जालको व्यापक प्रयोग र सामाजिक अन्तरकृया तथा घटनाक्रम पनि प्रभावित भएको सन्दर्भमा सो को नियमनका लागि निर्देशिका कार्यान्वयनमा आएको र कानुन निर्माणका लागि विधेयक मन्त्रिपरिषद् पेस हुने क्रममा रहेको छ ।

सेवा प्रवाह गर्नुअघि सेवाग्राहीको विवरण प्राप्त गरी सो विवरणलाई आवश्यक पर्दा अद्यावधिक गर्न मिल्ने गरी सुरक्षित राख्ने, पुनःप्रयोग गर्ने मोडमा राख्ने, गोपनीयता कायम गर्ने र सेवाग्राहीको पहिचान यकिन भएपश्चात मात्र उसलाई सेवा उपलब्ध गराउने प्रयोजनका लागि उसकै अनुमतिमा प्रयोग प्रशोधन वा सम्पादन गर्नुपर्ने हुन्छ । यहाँनेर नै सूचना प्रविधिको सही र सुरक्षित प्रयोग वाञ्छित हुन आउँदछ । यसै सन्दर्भमा सबै सरकारी कार्यालयमा लागू गर्ने गरी सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली प्रयोग प्रारम्भ भएको छ । यो प्रणालीमा थप परिष्कृत गर्न आवश्यक भएतापनि खासगरी कार्यालयमा आवश्यक पर्ने दर्ता चलानी टिप्पणी र पत्राचारलगायत विषय समेटेर यो प्रणाली तयार भएको छ र ४० भन्दा बढी केन्द्रीय कार्यालयहरुमा प्रयोगमा पनि छ । वर्तमान मुख्यसचिव बैकुण्ठ अर्यालको अगुवाइमा यो प्रणालीको विकास र प्रयोगमा विस्तार भएको कुरा छिपेको छैन ।

विसं २०७६ मा तामझामका साथ सुरुआत भएको र अति नै महत्वपूर्ण विषय डिजिटल नेपाल फ्रेमवर्क हो । भारतमा सन् २०१५ मा शुरुआत भएको डिजिटल इन्डियाले सफलताको चुली चुमिरहँदा हाम्रो अवस्था भने अझै पनि कमजोर छ । खासगरी क्षेत्रगतरुपमा आठवटा विषय क्षेत्र र ८० वटा पहल समेट्ने यो फ्रेमबर्क भनेको सूचना प्रविधि क्षेत्रको केन्द्रीय कार्यढाँचाका रुपमा लिन सकिन्छ । नागरिक एपलाई व्यापक बनाउने विषयका साथै डाटाको सुरक्षा सम्मका विषय पनि यसमै परेका छन् । यसको प्रभावकारी कार्यान्वयनका लागि डिजिटल नेपाल परियोजनाका लागि विश्व बैङ्कले समेत ऋण लगानी गर्ने तयारी भैरहेको छ । केही कामहरु भएका छन् तर धेरै गर्न बाँकी छ ।

राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी भई सो अनुसार साइबर सुरक्षासम्बन्धी कानुनको मस्यौदा एवम् राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । साइबर हाइजिनका सूचना जारी गर्नाका साथै विभिन्न निकायबाट साइबर सुरक्षा सम्वन्धमा सन्देश प्रवाह र डिजिटल शिक्षामा जोड दिइएको छ । सरकारी सूचना प्रविधि प्रणालीको जोखिम अनुगमनका लागि सेक्युरिटी अपरेसन सेन्टरको सञ्चालन हुँदै आएको छ । मन्त्रालयले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धमा अवधारणापत्र तयारीलाई अन्तिम चरणमा पु¥याएको छ भने सूचना प्रविधिसँग सम्वन्धित खासगरी सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, सामाजिक सञ्जाल नियमन विधेयक, दूरसञ्चार विधेयकको मस्यौदा तयारी सुझाव सङ्कलन गरी कतिपय विधेयक सहमति प्राप्त गर्ने चरणमा रहेका छन् । दूरसञ्चार क्षेत्रलाई थप व्यवस्थित गर्ने प्रयासस्वरुप पूर्वाधारको कभरेजका साथमा गुणस्तर वृद्धिमा जोड दिइएको छ ।

**आमसञ्चार**

कुनै सूचना वा जानकारीको सञ्चार गरिनु प्रवाह गरिनु कम महत्वपूर्ण विषय हैन । यसमा आमसञ्चार माध्यमको भूमिका विगतदेखि नै प्रभावकारी रहँदै आएको छ । यसै क्रममा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै छातामुनि स्वतन्त्र र निष्पक्षरुपमा सञ्चालन गर्ने ध्येयका साथ सार्वजनिक प्रसारण सेवाको अवधारणाअनुसार कानुन निर्माणका लागि विधेयक संसद्मा अन्तिम चरणमा रहेको छ । त्यसैगरी, सञ्चारमाध्यमको गतिशीलतासँगै मिडिया काउन्सिल विधेयक तयार भई सङ्घीय संसद्मा दर्ता हुने क्रममा रहेको छ ।

विगतदेखि मस्यौदा हुने तर निर्णयको चरणमा विविध कारणवश अलमलमा पर्ने गरेका कतिपय विधेयकउपर विज्ञ सञ्चारकर्मीहरु रहेको कार्यदल गठन गरी सुझाव प्राप्त गर्ने कार्य समेत यसबीचमा भएको छ । त्यसैगरी सञ्चारसँग सम्बन्धित विषयमा सङ्घ र प्रदेशबीच सम्भावित सहकार्यका सम्वन्धमा प्रदेशमा सञ्चार हेर्ने मन्त्रालयका मन्त्री तथा उच्च अधिकारीहरुसँग र छलफल हुनुका साथै कतिपय सन्दर्भमा प्रदेशमै पनि स्थलगतरुपमा कार्यक्रमहरु सम्पन्न भएका छन् । विधेयकको तयारी गर्दा वा कार्यक्रमहरु डिजाइन गर्दा सङ्घीयताको मर्मलाई आत्मसात गरिएको छ ।

दिवस र अवसरका क्रममा सञ्चार व्यवस्थापनलाई प्रभावकारी बनाउने पहल पनि भएका छन् । २०८० जेठ १५ गते प्रकाशित गणतन्त्रका १५ वर्ष नामक इन्फोग्राफिक पुस्तिका लोकप्रिय देखियो । त्यस्तै अन्य प्रकाशनहरु पनि भए । वेवसाइटलाई एकीकृत भर्सनमा सञ्चालन प्रारम्भ भएको छ । राष्ट्रिय प्रसारण नियमावलीमा संशोधन गरी ओटिटीलाई नियमनको दायरामा ल्याइएको छ । विज्ञापन चक्रका विषयहरु सम्वोधन हुनेगरी विज्ञापन नीतिको मस्यौदा अन्तिम चरणमा छ भने विज्ञापन नियमावली संशोधन भएको छ ।

मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न आयोजना हुने प्रेस मिटलाई व्यवस्थित गर्ने कार्य, वेवसाइटमा 'मिट योर मिनिस्टर' नामक अन्तरक्रियात्मक ट्यावको प्रयोग, सरकारी सञ्चार संस्थाहरुको सबलीकरणका लागि निरन्तर संवाद र अनुगमन, चलचित्रका विविध क्षेत्रलाई पर्यटनसँग जोड्ने र सङ्घीयताको मर्मअनुसार यो विषयलाई व्यापक बनाउनेगरी कार्यक्रमहरु कार्यान्वयनमा आएका छन् । चलचित्र जाँचसम्बन्धी कार्यलाई कार्यविधिबाट व्यवस्थित गरिएको छ । टेलिभिजन प्रसारणलाई आलाकार्टा प्रणालीमा लैजाने निर्णय भई सो अनुसार तयारीका कामहरु भैरहेका छन् । सबै सार्वजनिक सञ्चार माध्यममा समावेशी सामग्री तथा कार्यक्रम समावेश भएका छन् । पत्रकारितासँग सम्बन्धित गैरनाफामूलक संस्थाहरुको सबलीकरणका लागि प्रवाह हुँदै आएको अनुदानलाई थप व्यवस्थित गर्नका लागि कार्यविधि तयार गरी सार्वजनिक सूचना प्रकाशित समेत भएको छ ।

**सुशासन तथा संस्थागत विकास**

सुधारका लागि निरन्तरतामा क्रमभंगता पनि आवश्यक पर्दछ । स्वमूल्याङ्कन तथा विज्ञको समीक्षा पनि चाहिन्छ । यही मान्यताअनुसार कतिपय विषयमा कार्यदलमार्फत अध्ययन गरी समस्या समाधानका उपायहरुको खोजी गर्ने र समयक्रममा नीति तथा कार्यक्रमसँग आबद्ध गर्ने मोडलको प्रयोग मन्त्रालयले गरेको छ । अर्को महत्वपूर्ण विषय भनेको नीति तथा कानुनको मस्यौदा तयार गर्दा विज्ञ एवम् सरोकारवालाको सहभागिता र सुझाव ग्रहण गर्ने शैली अवलम्बन गरिएको छ । यो बाहेक मन्त्रालयका महाशाखा तथा अन्तर्गतका निकायवीच नियमित सम्बाद अनुगमन छानबिन र सुधार पहल हुँदै आएका छन् । समयानुकूल सङ्गठन निर्माण एवम् पुनसंरचनाका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई सूचना प्रविधि विभाग अन्तर्गत ल्याइएको छभने हुलाक संरचनामा आमूल परिवर्तन हुने गरी हरेक स्थानीय तहमा हुलाक रहनेगरी यसको सेवा पुनःसंरचित गरिने भएको छ ।

मन्त्रालयमा हरेक आइतबार कार्यालय समय अगावै प्रारम्भ हुने उच्च व्यवस्थापन समूहको बैठकका अलाबा क्षमता विकास कार्यशाला र सम्वाद श्रृङ्खला सिकाइ हस्तान्तरणका सेसनहरु सञ्चालन गर्ने गरिएको छ । अध्ययन र छानविन गरी सुशासन स्थापनालाई प्रवद्र्धनका लागि पनि गरिएका पहल पनि चर्चामा आए । इन्टरनेट सेवा प्रदायकहरुको राजश्व बक्यौता, एनसेलको शेयर बिक्रीको सबाल, डाटा सेन्टरमा देखिएका समस्यालगायत विषय पनि अध्ययन भई सुधार कार्यसँग आवद्ध भएका विषय हुन् । मन्त्रालय मातहतका निकायहरुमा नेपाल सरकारबाट प्रवाह हुनेअनुदानमा देखिएका केही कमीकमजोरीहरु सच्याएर अगाडि बढ्नुपर्ने देखिन्छ ।

**अन्त्यमा**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी पाउने मन्त्री नेपाल सरकारको प्रवक्ता समेत हुने प्रचलन नै छ । समयमै सही सूचना सम्प्रेषण र नीति समन्वयमा प्रवक्ताको भूमिकाले सरकारको गुणवेत्ता बढाउँछ । यसै सन्दर्भमा विगत एक वर्षमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देखिने खालका सुधारका पहलहरु गरेको निश्कर्षमा पुग्न सकिन्छ । सुधारको निरन्तरता र गतिशीलताले मात्र परिवर्तनलाई दिगो र संगठनात्मक उपलब्धिलाई प्रभावकारी बनाउँदछ । आगामी आर्थिक वर्षदेखि १६ औं योजनासमेत प्रारम्भ हुने सन्दर्भमा डिजिटल रुपान्तरणको विषयले प्राथमिकता पाउनुपर्ने र तीव्ररुपमा विस्तार भैरहेको साइबर स्पेसको सुरक्षा र सही प्रयोगतर्फ सबैको सहयोग आवश्यक पर्ने देखिन्छ । रासस

# श्रमिक अधिकार कार्यान्वयन गरी सामाजिक सुरक्षाको प्रत्याभूति जरूरीः खनाल



**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानीत नेता एवम् पूर्वप्रधानमन्त्री झलनाथ खनालले संविधानप्रदत्त श्रमिक अधिकारलाई कार्यान्वयन गरी रोजगारीको हक, उचित पारिश्रमिक र सामाजिक सुरक्षाको प्रत्याभूति गर्न जरूरी रहेको बताए । अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बुधबार एक विज्ञप्ति जारी गर्दै उनले नेपालको राजनीतिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेपनि मजदुर वर्गको आर्थिक तथा सामाजिक जीवनसँग जोडिएका समस्या समाधान हुन नसकेकाले समाजवादका माध्यमबाट औद्योगिक विकास गरी ति समस्या समाधान गर्नुपर्नेमा जोड दिए । मुलुकको सामाजिक–आर्थिक रूपान्तरणका लागि श्रमिक वर्गले विगतका गरेका सङ्घर्ष तथा पुर्याएका योगदानको सम्मान गर्न सकेमा मात्रै श्रमिक दिवसको महत्वलाई स्थापित गर्न सकिने पनि उनको भनाई छ ।
‘नेपाली श्रमबजारमा रोजगारीको अवसर सिर्जना हुन नसकेकाले प्रत्येक दिन करिब दुई हजार नेपाली मजदुरीका लागि विदेशिन बाध्य रहेका छन् ।
त्यसैले समाजवादका माध्यमबाट औद्योगिक विकास गरी उनीहरूको आयआर्जनको सुरक्षा, उचित ज्याला एवम् पारिश्रमिक, भयरहित, शान्त र सुरक्षित सामाजिक वातावरण सिर्जनामा जोड दिनुपर्ने आवश्यकता छ’, विज्ञप्तिमा उल्लेख गरिएको छ । त्यस्तै, श्रमिकको हक, अधिकार र पेसागत सुरक्षाका लागि ट्रेड युनियन सङ्गठनलाई आवश्यक समन्वय र सहकार्य गर्नसमेत उनले आग्रह गरेका छन् ।

# श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धि गर्ने पहल गर्छुः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धिका लागि पहल गर्ने बताएका छन् । एक सय ३५औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्रद्वारा बुधबार आयोजित कार्यक्रममलाई सम्बोधन गर्दै उनले आगामी दिनमा श्रमिक र मजदुरको हितलाई केन्द्रमा पारिश्रमिक बढाउन आफू लागिपर्ने बताए । ‘मेरो नेतृत्वको सरकारले अर्थतन्त्रले चुनौतीपूर्ण परिस्थितिको सामना गरिरहेको परिप्रेक्ष्यमा समेत मजदुर एवं श्रमजीवी वर्गको हितलाई केन्द्रमा राखी श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको थियो’, प्रधानमन्त्री दाहालले भने, ‘भविष्यमा न्यूनतम पारिश्रमिक वृद्धिका निम्ति निरन्तर पहल गरिने विश्वास दिलाउँछु । साथै रोजगारदाता संस्थाहरूसमेत श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धिका निम्ति लचिलो रूपमा प्रस्तुत हुने विश्वास व्यक्त गर्दछु ।’ प्रधानमन्त्री दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुरूप सामाजिक सुरक्षालाई सङ्घ वा प्रदेशको मात्र नभई स्थानीय तहको समेत दायित्वका रुपमा लिँदै कानुनी आधार तयार गर्न लागिएको जानकारी दिए । स्थानीय तहमा रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत सामाजिक सुरक्षाको दायरामा ल्याउन सक्नेगरी कानुनी आधार तयार गरेको उनले बताए । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको अनिवार्य कार्यान्वयन र सफलतामा सरकारले आफ्नो सफलता देखेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सम्पूर्ण नेपाली नागरिकको ‘कोखदेखि शोकसम्म’को सामाजिक सुरक्षा प्रदायक संस्थाका रूपमा समाजिक सुरक्षा कोषलाई विकास गराइने बताए । उनले सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पु¥याउन सरकारका तर्फबाट गर्नुपर्ने समन्वय तथा सहयोगमा कुनै कमी नहुने विश्वास दिलाए । ‘सीमित साधनस्रोत र असीमित आकाङ्क्षाका बीच सन्तुलन कायम गर्दै श्रमिकमैत्री नीति, कानुन र कार्यक्रमका निम्ति सरकार सधैं सकारात्मक रुपमा प्रस्तुत हुनेछ’, प्रधानमन्त्री दाहालले भने, ‘मुख्यतः विदेशमा रहेका नेपालीको स्वाभिमान र हितरक्षा, नीति निर्माणमा श्रमजीवी वर्गको सम्मानजनक प्रतिनिधित्व, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, श्रमको सम्मान र श्रम संस्कृतिको विकासमा सरकारले प्राथमिकताकासाथकामगर्नेछ ।’

देश आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट निर्माणको सङ्घारमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भने, ‘यसपटकको नीति तथा कार्यक्रम र बजेटमा उत्पादकत्व वृद्धि र रोजगारी सृजनालाई उच्च प्राथमिकताका साथ अगाडि बढाउने गृहकार्यमा सरकार जुटिरहेको छ ।’ सत्ता साझेदार दलहरूको तर्फबाट प्रस्तुत साझा न्यूनतम कार्यक्रममा उल्लिखित ‘निरासा चिर्दै, भरोसा जगाउँदै’ मूलमन्त्रलाई व्यावहारिक रूपमा सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान गर्नाका साथै यसले बेरोजगारी न्यूनीकरण र रोजगारी अभिवृद्धिका निम्ति गुणात्मक योगदान गर्ने विश्वास व्यक्त गरे । ‘सरकारको प्राथमिकतालाई सबै राजनीतिक दल, ट्रेड युनियनहरू, निजी क्षेत्रलगायत सबैको साथ रहने मेरो विश्वास छ’, प्रधानमन्त्री दाहालले भने ।



**रारा क्षेत्रमा रिसोर्ट निर्माणको सम्झौता हुनु सुखद**

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले तेस्रो लगानी सम्मेलनका क्रममा रारा होल्डिङ र एक्पर्ट ग्रुप अष्ट्रेलियाबीच मुगुको रारा ताल समीप रिसोर्ट निर्माणको सम्झौता भएकामा खुसी व्यक्त गर्दै पर्यटन प्रवर्द्धनका लागि सरकारको सहयोग रहने बताएका छन् । बुधबार बिहान रारा होल्डिङका प्रतिनिधिहरूसँगको कुराकानीमा प्रधानमन्त्रीले सो कुरा बताएका हुन् । भेटमा प्रधानमन्त्रीले भने, ‘राराको मुर्माटपमा रिसोर्ट निर्माणका निम्ति भएको सम्झौता महत्त्वपूर्ण छ । नेपालमा समृद्धिका लागि प्रचुर सम्भावनाका क्षेत्रमध्ये पर्यटन एक महत्त्वपूर्ण क्षेत्र हो । त्यसका निम्ति पर्यटन पूर्वाधारमा राज्यले जोड दिनुपर्दछ । तपाईँहरू निजी क्षेत्र आफैँले यसका निम्ति पहल लिनुभएकामा म खुसी छु । रारामा आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्नेछ ।’ प्रधानमन्त्रीले रारामा पर्यटकको आकर्षणका निम्ति राज्यको तर्फबाट पूर्वाधार विकासमा सहयोग गर्ने बताए । उनले भने, ‘रिसोर्ट निर्माणका निम्ति राज्यले समेत पूर्वाधार विकासमा भूमिका खेल्नेछ । मुख्यतः त्यहाँ पुग्ने सडक निर्माण, विद्युत् प्रसारण, खानेपानीलगायत क्षेत्रमा सरकारका तर्फबाट सहयोग हुनेछ । यो लगानीले नेपालमा पर्यटक भित्र्याउनमात्र सहयोग पुग्ने छैन, आन्तरिक राजश्वसमेत अभिवृद्धि हुनेछ ।’ भेटमा रारा होल्डिङ प्रालिका अभिषेकविक्रम शाह र एक्पर्ट ग्रुप अष्ट्रेलियाका सञ्जीव शर्माले लगानी सम्मेलनमा भएको सम्झौताबमोजिम निर्धारित समयमा नै काम सम्पन्न गरिने प्रतिबद्धता व्यक्त गरे । सोमबार सम्पन्न तेस्रो लगानी सम्मेलनका क्रममा रारा होल्डिङ र एक्पर्ट ग्रुप अष्ट्रेलियाबीच एक अर्ब १० करोड रुपैयाँको लागतमा रारा ताल समीप सुविधासम्पन्न रिसोर्ट निर्माण गर्नेसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।

# अध्यक्ष ओलीद्वारा श्रमिक दिवसको शुभकामना



**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले श्रमलाई नै जीवन मान्नुपर्ने बताएका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा सामाजिक सञ्जालमार्फत शुभकामना व्यक्त गर्दै उनले श्रम नै जीवन, श्रम नै विश्वास, श्रम नै पूजा र श्रम नै प्रसाद भएको उल्लेख गरेका छन् । श्रम जीवन र जगत्को अपरिहार्य, अविच्छिन्न र अभिन्न प्रक्रिया हो भन्ने तथ्यलाई आत्मसात् गर्दै रोजगारीको सृजना, श्रमको सम्मान, उचित पारिश्रमिक एवम् सामाजिक सुरक्षालगायत श्रमिक अधिकारलाई सुनिश्चित गरी मर्यादित श्रमको वातावरण निर्माण गर्नेतर्फ अग्रसर हुन पूर्व प्रधानमन्त्री ओलीले आह्वान पनि गरेका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवस ‘इतिहास, उपलब्धि र आगामी बाटो’ नाराका साथ मनाइँदैछ । विश्वभरका श्रमिकले एकापसमा ऐक्यबद्धता प्रकट गर्दै श्रमिक अधिकारको रक्षा र प्रवर्द्धनका लागि सबैलाई जागरुक बनाइराख्ने अवसरका रूपमा यस दिवसलाई लिने गरेको उनले बताएका छन् ।

# ‘चीन सधैँ नेपालको समृद्धि, शान्ति र राजनीतिक स्थिरताको पक्षमा’

**रासस**
**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले हालै गरेको चीन भ्रमणबाट दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउन सफल भएको बताएका छन् । चीनको दश दिने भ्रमण सकेर हालै स्वदेश फिर्ता हुनुभएका महासचिव गुरुङले संवाद डबलीद्वारा आयोजित अन्तरसंवाद कार्यक्रममा चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागको निम्तामा गरेको भ्रमणमा चीन नेपालको शान्ति, समृद्धि र राजनीतिक स्थायित्वका लागि सधैँ तत्पर रहेको उल्लेख गरे । ‘चिनियाँ उच्च अधिकारीसँगको भेटले हामी उत्साहित छौँ, चीन सधैँ नेपालको समृद्धि, शान्ति र राजनीतिक स्थिरताका लागि सहयोग गर्न तयार छ’, उनले भने, ‘चीनले नेपालमा स्थिर सरकार हेर्न चाहेको छ । कम्युनिस्ट पार्टीहरुबीच सहकार्य होस् भन्ने चाहना राखेको छ ।’ महासचिव गुरुङ नेतृत्वको ३० सदस्यीय टोलीले चीनमा रहँदा चिनियाँ कम्युनिस्ट पार्टी र सरकारका उच्च अधिकारीसँग भेटवार्ता गरेको थियो । भ्रमणले चिनियाँ कम्युनिस्ट पार्टी र माओवादी केन्द्रबीचको सम्बन्धलाई जनस्तरसम्म पु¥याउन सहयोग पुग्ने महासचिव गुरुङको विश्वास छ । फरक प्रसङ्गमा महासचिव गुरुङले वर्तमान सरकार संसद्को पुरै कार्यकालसम्म टिक्ने बताए । ‘संसद्को बाँकी समयसम्म यही समिकरण जान्छ’, उनले भने । नेपालको निर्वाचन प्रणालीका कारण एउटा दलले बहुमत प्राप्त गर्न नसक्ने अवस्थाले सत्ता समिकरण परिवर्तन भइरहने अवस्था सिर्जना भएको उनको भनाइ थियो । महासचिव गुरुङले भर्खरै भएको तेस्रो लगानी सम्मेलन सफल भएको बताए । देश विकासका लागि मुख्य कुरा आन्तरिक पुँजी भए पनि बाह्य पुँजी भित्र्याएर अगाडि बढ्नुपर्ने उनको सुझाव थियो ।
‘देश विकासका लागि आन्तरिक पुँजी मुख्य कुरा हो । तर हाम्रो आवश्यकता र प्राथमिकताका आधारमा बाह्य पुँजी भित्र्याएर रोजगारी सिर्जनासँगै देशलाई समृद्ध बनाउन सकिन्छ । त्यही अनुसार सरकारले तेस्रो लगानी सम्मेलन आयोजना गरेको हो’, महासचिव गुरुङले भने । कार्यक्रममा भ्रमण टोलीका सदस्य एवम् माओवादी केन्द्रका नेता डा दीपेन्द्र रोकायाले नेपालको विकासका लागि चीनबाट शिक्षा लिन सकिने बताए । भ्रमणको अनुभव सुनाउँदै उनले चीनले जस्तै तीब्र गतिमा विकास गरी नेपाललाई पनि समृद्ध बनाउन सकिने सम्भावना रहेको बताए । औद्योगिकरुपमा सम्पूर्ण देशलाई अगाडि बढाउन नसक्दासम्म देश अगाडि नबढ्ने उनले बताए ।

# विश्वका नेपालीभाषीहरूलाई नेपालसँग जोड्न आग्रह

**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले विश्वका विभिन्न मुलुकमा छरिएर रहेका नेपालीमूलका नागरिकलाई कुनै न कुनै रूपमा नेपालसँग जोड्नुपर्ने बताएका छन् । एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ)का प्रतिनिधिमण्डलसँग मङ्गलबार मन्त्रालयमा भएको भेटमा उनले नेपाली भाषा, संस्कृति या कुन माध्यमबाट हुन्छ संसारका नेपालीभाषीहरूलाई नेपालसँग जोड्नुपर्ने बताएका हुन् । यसबाट एकपटकको नेपाली, सधैँको नेपाली भन्ने मान्यता पनि स्थापित हुन जाने मन्त्री श्रेष्ठले उल्लेख गरे । उनले राजनीतिभन्दा माथि उठेर एएनओले अन्य संस्थासँग समेत सहकार्य गरी नेपाली भाषा, संस्कार, सभ्यता र नेपाली परम्परामार्फत नेपालीभाषीहरूलाई एकीकृत गर्न सुझाव दिनुभएको एएनओका महासचिव चुडामणि भट्टराईले जानकारी दिए । भेटका अवसरमा एएनओका अध्यक्ष डिल्ली अधिकारीले आफूहरूले नेपाली भाषा, कला र संस्कृतिमार्फत भावी पुस्तालाई पनि नेपालसँग जोड्दै नेपालीपनको जगेर्ना गर्ने उद्देश्यले यो अभियान सुरु गरेको जानकारी दिए । प्रवासमा रहेका नेपालीभाषी लगानीकर्तालाई नेपालमै आई लगानी गर्न र आफ्ना पुर्खाको पहिचान जोडिएको माटोमा केही गर्न प्रेरित गरिरहेको जानकारी दिए । भेटमा अध्यक्ष अधिकारीसहित महासचिव भट्टराई, सचिव चिरनजङ्ग थापा र संस्थापक सदस्यहरू बाबुकृष्ण कार्की, केबी कार्की, ओम गुरुङ सहभागी थिए । विश्वका विभिन्न देशमा बसोबास गरिरहेका नेपालीभाषीहरूको थाइल्याण्डको बैङ्ककमा गत चैतमा सम्पन्न भेलाले नेपाली जाति र नेपालीभाषीहरूलाई एकीकृत गरी नेपाली भाषा र संस्कृतिको संरक्षण गर्न एएनओ गठन गरेको थियो ।

# सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण पत्रकारिताको धर्मः भट्ट

**रासस**
**कास्की ।**
गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नेपाली पत्रकारले दबाब र अभावसँग सम्झौता नगरी आफ्नो कर्मप्रति देखाएको सेवाभाव अनुकरणीय रहेको बताएका छन् । नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिको चौथो वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनको बुधबार पोखरामा उद्घाटन गर्दै उनले लोकतन्त्र, गणतन्त्र स्थापना एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि पत्रकारिताजगत्ले खेलेको भूमिका अविस्मरणीय रहेको उल्लेख गरे । उनले भने, ‘नेपाली पत्रकारले दबाब र अभावसँग सम्झौता नगरी आफ्नो कर्मप्रति देखाएको सेवाभाव अनुकरणीय छ, सामाजिक उत्तरदायित्व बहन गर्दै सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण गर्ने जिम्मेवारीलाई आत्मसात् गरी सत्य, निष्पक्ष, सन्तुलित र मर्यादित रुपमा सूचना प्रवाह गर्नु पत्रकारिताको धर्म र जिम्मेवारी हो ।’ विश्वव्यापी आर्थिक सङ्कटको संवेदनशील घडीमा सञ्चारजगत् र पत्रकारिता पेसालाई पारेको असरबारे आफू जानकार रहेको प्रदेश प्रमुख भट्टले बताए । उनले आर्थिक सङ्कटले सञ्चार संस्थाहरूको दिगोपनामा समस्या पार्ने खतरा देखा परिसकेको तथा नेपाली पत्रकारको पेसागत असुरक्षा र न्यूनतम पारिश्रमिक कार्यान्वयनमा समस्या रहेको उल्लेख गरे । नेपाली सञ्चार क्षेत्रका समस्या समाधानका लागि सरोकार पक्षसँग व्यापक सहकार्य गर्ने वातावरण आवश्यक रहेको उनले बताए । प्रविधिको विकाससँगै पत्रकारिता क्षेत्रमा अवसर र चुनौती दुवै सृजना भएको उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले डिजिटल मिडियाको अत्यधिक सदुपयोग गर्दै पत्रकारिताको विश्वसनीयता अभिवृद्धि गर्ने दिशामा पत्रकार स्वयं क्रियाशील हुनेमा विश्वस्त रहेको बताए । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पत्रकारिता क्षेत्रको विकास र सञ्चारकर्मीको क्षमता अभिवृद्धिका लागि महानगर प्रतिबद्ध रहेको बताए । सञ्चार क्षेत्रले आफूलाई एकताबद्ध बनाउँदै नागरिक अधिकार स्थापित गर्नका लागि काम गर्नुपर्नेमा उनले जोड दिए । प्रेस स्वतन्त्रता सेनानी विश्वबन्धु भण्डारीले पत्रकारिता क्षेत्रमा देखिएका चुनौतीलाई समाधान गर्नका लागि सरकारले अग्रसरता लिनुपर्ने बताए । साधारणसभाको उद्घाटन सत्रमा महासङ्घ केन्द्रीय सदस्यहरु सरिता तिमिल्सिना पँगेनी, छविलाल तिवारी, प्रदीप काफ्ले, महासङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष नारायण शर्मा, उपाध्यक्ष दीपक भट्टराई महासचिव गोविन्द सुवेदी, पत्रकार महासङ्घ म्याग्दी शाखाका अध्यक्ष प्रकाश पौडेल, प्रेस चौतारी गण्डकीका अध्यक्ष इन्द्रप्रसाद पौडेल, प्रेस सेन्टरका अध्यक्ष अर्जुन काफ्ले समाजवादी प्रेस सङ्गठनका अध्यक्ष गणेश पौडेललगायतले स्वतन्त्र पत्रकारिता र पत्रकारको हकहित तथा अधिकारका बारेमा चर्चा गरेका थिए । सो अवसरमा प्रदेश समितिका संस्थापक अध्यक्ष स्व त्रिभुवन पौडेलका धर्मपत्नी प्रतिभा अधिकारी र पत्रकार महासङ्घ म्याग्दी शाखालाई उत्कृष्ट शाखाबाट सम्मान गरिएको थियो ।

## व्यापार–व्यवसाय फस्टाएमात्र श्रमअधिकार स्थापित हुन्छः मुख्यमन्त्री

**रासस**
**कास्की ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले उद्योग तथा व्यापार व्यवसाय फस्टाएमात्र रोजगारीप्राप्ति र श्रम अधिकार स्थापित हुने बताएका छन् । अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र गण्डकी प्रदेशले बुधाबार पोखरामा आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री अधिकारीले श्रम ऐनका अधिकार स्थापित गर्न सरकार, रोजगारदाता र श्रमिक मिलेर अगाडि बढ्नुपर्ने बताए । उनले राष्ट्रिय पूँजी निर्माणमा श्रमिकको भूमिका महत्वपूर्ण रहेको भन्दै संविधानप्रदत्त श्रमअधिकार र न्यूनतम ज्याला उपलब्ध गराउने कार्यमा गण्डकी प्रदेश सरकार प्रतिवद्ध हरेको बताए । 'स्वदेशमै रोजगारी सिर्जना गरी नेपाली युवालाई विदेश पलायनहुनबाट रोक्न प्रदेश सरकार रोजगारदासँग आवश्यक सहकार्य र सहजीकरणका सँगसँगै अगाडि बढ्न तयार छ । त्यसैगरी पर्याटकीय राजधानीका रूपमा रहेको पोखरामा पर्यटन र कृषि क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्न सरकार सबैसँग हातेमालो गर्नचाहन्छ', मुख्यमन्त्री अधिकारीले भने । समृद्ध प्रदेश स्वरोजगारका कार्यक्रम ल्याएर युवालाई स्वदेशमै श्रम गर्ने वातावरण बनाउनका लागि आफूले हरसम्भव प्रयास गर्ने यहाँको भनाइ थियो । कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले आफ्नो पार्टी श्रमिकका मुद्दामा सधैँ गम्भीर रहेको भन्दै श्रम क्षेत्रका माग र मुद्दा सम्बोधनका लागि सहकार्य गर्न तयार रहेको बताए । त्यस्तै, नेकपा .(माओवादी केन्द्र) की नेतृ गायत्री गुरुङले सबै क्षेत्रमा काम गर्ने मजदुरलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सरकार तयार हुनुपर्ने बताइन् । उनले समान काममा लैङ्गिक आधारमा फरक ज्याला दिएर विभेद हुने गरेकाले यो अवस्था अन्त्यका लागि सबै राजनीतिक दल तथा सरकारले सकारात्मक भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याइन् । मजदुर नेता मुरारी शर्माले मजदुरहरु हरेक दिन असुरक्षित हुँदैगएका भन्दै श्रम आयोग गठन गरी श्रम क्षेत्रका समस्या समाधानमा जोड दिनुपर्ने धारणा राखिन् ।

यसअघि पोखराको बसपार्कर्वबाट श्रमिकहरुसहित ¥याली निकालिएको थियो । र्यालीमा श्रमिकका अधिकार स्थापित गर, सामाजिक सुरक्षा कोषको ग्यारेन्टी गर, मङ्हगी नियन्त्रण गर, श्रमिक आयोग गठन गरजस्ता नारा लगाइएका थिए ।

## टुक्रियो भारतीय व्यापारिक घराना गोदरेज



**एजेन्सी**
**नयाँ दिल्ली ।**
भारतीय व्यापारिक घराना गोदरेज टुक्रिएको छ । भारत स्वतन्त्र हुनु भन्दा अघिका व्यापारिक घराना मध्येको एक हो, गोदरेज । कञ्जुमर प्रडक्टसम्म सबै व्यवसायमा हात हालेको छ ।

तर गोदरेज ग्रुपमा अंशबन्डा भएको छ । शेयर बजारमा सूचिकृत गोदरेज फर्मा आदि गोदरेज र उनको भाइ नादिर गोदरेजको भागमा आएको छ ।

सूचीकरण नभएका कम्पनी भने काकाका छोरा जमशेद र उनकी बहिनी स्मिताले पाएका छन् । यो ग्रुपको कूल मूल्य २३ खर्ब ४० अर्ब भारु रहेको छ । अंशबन्डासम्बन्धी एउटा सम्झौतामा हस्ताक्षर भएपछि ग्रुपको व्यवसाय विभाजित भएको घोषणा गरिएको छ । यस ग्रुपका पाँच कम्पनी शेयर बजारमा सूचीकृत छन् । यी कम्पनीमा गोदरेज इन्डष्ट्रिज, गोदरेज कञ्जुमर प्रोडक्ट्स, गोदरेज प्रोपर्टिज, गोदरेज एग्रोभेट र एस्टेक लाइफ रहेको छ । यसको जिम्मेवारी ८२ वर्षीय आदि गोदरेज र उनका भाइ ७३ वर्षका नादिर गोदरेजले पाएका छन् । आदि र नादिरको काकाका छोराछोरी जमशेद र स्मितालाई भने गैर–सूचीबद्ध कम्पनी गोदरेज एन्ड व्यवसायको मालिक बनाइएको छ । यसबाहेक यिनीहरूले मुम्बईमा ३ हजार ४०० एकडको जमिन पनि पाएका छन् ।

## नेपाल वेस्ट इन्डिज 'ए'सँग पराजित



**रासस**
**काठमाडौँ ।**
टी–ट्वान्टी शृङ्खलाको तेस्रो खेलमा नेपाल वेस्ट इन्डिज 'ए' सँग ७६ रनले पराजित भएको छ । जितका लागि दुई सय २८ रनको विजयी लक्ष्य पच्छाएको नेपालको पारी १९ दशमलव २ ओभरमा सवै विकेट गुमाउँदै एक सय ५१ रनमा समेटियो । नेपालका लागि करण केसीले २८, लोकेश बमले २८, कुशल मल्लले २०, विनोद भण्डारीले १९, अनिल साहले १४, कप्तान दीपेन्द्रसिँह ऐरीले ७, गुल्सन झाले ६ तथा विवेक यादव, सागर ढकाल र आरिफ शेखले समान तीन तीन रन बनाए । करणले १७ बल खेल्दै तीन चौका र एक छक्का प्रहार गरे । बमले २९ बलमा एक चौका र दुई छक्का हाने । नेपाललाई एक सय ५१ रनमा समेट्ने क्रममा वेस्ट इन्डिज 'ए'का हायडेन वाल्सले तीन, गुदाकेश मोतीले दुई तथा फबिएन एलेन, म्याथ्यु फर्ड र ओबेद म्याककोयले एक एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै दुई सय २८ रनको योगफल बनायो । वेस्ट इन्डिज 'ए'का लागि जोनसन चाल्सले शतकीय पारी खेले । उनले ६१ बलमा १३ चौका र सात छक्काको मद्दतमा एक सय १९ रन बनाए । यस्तै आन्द्रे फ्लेचरले ५३ रन बनाए । उनले ३३ बल खेल्ने क्रममा चार चौका र र तीन छक्का हाने । यस्तै फबिएन एलेनले १९, एलिक एथानाजेले १७ तथा किमो पलले अविजित १३ रन बनाए । बलिङतर्फ नेपालका लागि करण केसी र सागर ढकालले एक एक विकेट लिए । पाँच खेलको जारी शङ्खलामा वेस्ट इन्डिज 'ए' दुई तथा नेपाल एक खेलमा पजयी भएको छ । पहिलो खेलमा नेपालले वेस्ट इन्डिज 'ए'लाई चार विकेटले हराएको थियो । नेपाल दोस्रो खेलमा वेस्ट इन्डिज 'ए'सँग १० रनले पराजित भएको थियो । शृङ्खलाको चौथो खेल बिहीबार हुनेछ ।

# अर्थतन्त्रमा सकारात्मक संकेत देखा परेका छन्ः अर्थमन्त्री



**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले अर्थतन्त्र शिथिलताबाट बाहिर आउन थालेको बताएका छन् । 'दिगो विकासका लागि वित्त नीति' विषयक कार्यशालालाई सम्बोधन गर्दै अर्थमन्त्री पुनले गत वर्षको तुलनामा अर्थतन्त्रमा सकारात्मक संकेत देखा परेका बताएका हुन् । काठमाडौंमा बुधबार आयोजित कार्यषक्रममा मन्त्री पुनले विश्व बैंकले चालु आर्थिक वर्षमा ३.३ प्रतिशत, एसियाली विकास बैंकले ३.६ प्रतिशत र राष्ट्रिय तथ्यांक विभागले ३.८७ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरे पनि अर्थ मन्त्रालयले ४.५ प्रतिशतभन्दा बढी आर्थिक वृद्धि हुने अनुमान गरेको बताए ।

'हाम्रो अर्थतन्त्रमा थोरै शिथिलता छ । स्वाभाविक रूपमा यसका आन्तरिक र बाह्य कारण छन् । तथ्यांकहरूले बिस्तारै सुधार देखाएको छ,' मन्त्री पुनले भने, 'विश्व बैंकले ३.३ प्रतिशत, एडीबीले ३.६ प्रतिशत र हिजो मात्रै राष्ट्रिय तथ्यांक विभागले ३.८७ प्रतिशतको आर्थिक वृद्धि हुन्छ भनेको छ । यो नौ महिनाका प्रक्षेपण हुन् । आर्थिक वर्ष अझै तीन महिना बाँकी छ । केही पुँजीगत खर्च हुन्छ । हामीले केही सकारात्मक प्रयत्न गरेका छौं । अर्थ मन्त्रालयको तर्फबाट ४.५ प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि हुन्छ भन्ने अनुमान हो ।' अर्थतन्त्रमा सुधार देखिए पनि ढुक्क भएर अर्थतन्त्र राम्रो भयो भन्ने अवस्थामा नरहेको अर्थमन्त्री पुनको भनाइ थियो । विश्वको आर्थिक र राजनीतिक केन्द्र, श्रम बजारको अवस्था, श्रम शक्ति, आन्तरिक प्राकृतिक श्रोत तथा भूराजनीतिमा टेकेर आर्थिक नीति बनाउनुपर्नेमा अर्थमन्त्री पुनको जोड थियो । नेपाल विश्व अर्थतन्त्रका दुई उदयीमान हस्तीहरू भारत र चीनको बीचमा रहेकाले ती मुलुकको बजार हेरेर नीति बनाउनुपर्नमा सरकार रहेको उल्लेख गरे । भारत र चीनबाट ठूलो संख्यामा मध्यम वर्ग भ्रमणमा निस्कने गरेको तथ्यांक प्रस्तुत गर्दै उनले नेपालमा पर्यटनको प्रचुर सम्भावना रहेको औंल्याए । आर्थिक शिथिलताकै बीचमा पनि चालु आर्थिक वर्षमा होटल तथा पर्यटन क्षेत्रमा २१ प्रतिशत र ऊर्जा क्षेत्रमा १७ प्रतिशतको आर्थिक वृद्धि भएको पुनले जानकारी दिए । निर्माण क्षेत्रमा भने नकारात्मक अवस्था रहेकाले त्यसमा सुधार गर्न सरकार प्रयासरत रहेको उनको भनाइ थियो । नेपालमा राजनीतिक अस्थिरताका कारण विकास हुन सकेन भन्ने स्वीकार्न आफू तयार नरहेको पनि मन्त्री पुनको भनाइ थियो । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल पहिलो पटक प्रधानमन्त्री हुँदा ०६४ सालमा अख्तियार गरिएको ऊर्जासम्बन्धी नीतिको निरन्तरताका कारण नेपालले भारत र बंगलादेशमा विद्युत् निर्यात गर्न सक्ने अवस्था आएको पुनको भनाइ थियो । 'प्रचण्ड नेतृत्वको पहिलो गणतान्त्रिक सरकारले ऊर्जा क्षेत्रमा लिएको नीतिको निरन्तरता अझै छ । यो बीचमा १५ वटा सरकार फेरिए होलान् तर नीति फेरिएको छैन,' मन्त्री पुनले भने, 'नेपालमा स्थिरता छैन भन्ने हल्ला सरकार, निजी क्षेत्र, सञ्चार माध्यम र बौद्धिक व्यक्तित्वहरू मिलेर चिनुपर्छ ।' मन्त्री पुनले नेपालमा सूचना प्रविधि र कृषि क्षेत्रमा पनि राम्रो सम्भावना रहेको बताए । नेपालमा वैदेशिक लगानीको समेत राम्रो सम्भावना रहेको उनको भनाइ थियो । वातावरण राम्रो भएकै कारण बहुराष्ट्रिय कम्पनीहरू नेपालमा लगानी गर्न आइरहेको उल्लेख गरे । हालसम्म नेपालमा लगानी गरेका कम्पनीहरूले घाटा ब्यहोरेको आफूले थाहा नपाएको चर्चा गर्दै उनले त्यही नै नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त वातावरण भएको प्रमाण रहेको बताए ।

## चीनमा राजमार्ग भासिँदा कम्तीमा १९ जनाको मृत्यु, दर्जनौं घाइते

**एएनआई**
**बेइजिङ ।**
दक्षिणी चीनको ग्वाङडोङ प्रान्तमा बुधबार राजमार्गको एक भाग भत्किँदाभासिँदा कम्तीमा १९ जनाको मृत्यु भएको अल जजिराले जनाएको छ । मेजियु शहर र दाबु काउन्टीबीचको एस–१२ राजमार्गको १७.९ मिटर सडकखण्ड बुधबार बिहान २:१० बजे भासिएको र उक्त घटनामा कम्तीमा १८ सवारी साधनहरू फसेको थिए । उक्त घटनामा १९ व्यक्तिको मृत्यु भएको पुष्टि भएको र ३० जनाले अस्पतालमा आपतकालीन सेवा लिइरहेका छन् ।



अधिकारीहरूका अनुसार उपचारका लागि अस्पताल लगिएका मानिसहरू हाल जोखिममुक्त रहेका बताइएको छ । स्थानीय सञ्चारमाध्यमहरूले दिएको समाचार रअनलाइनमा प्रसारित भिडियोहरूले गहिरो खाडलबाट आगो र धुवाँ निस्किरहेको देखाएका छन् । राजमार्ग भासिएर परेको उक्त खाडलमा कारहरू खसेको बताइएको छ । अहिले करिब ५०० जना उद्धार कार्यका लागि घटनास्थलमा रहेका छन् ।

## जापानमा ९० लाख घर खाली

**सिन्ह्वा**
**टोकियो ।**
जापानमा खाली घरहरूको संख्या सन् २०२३ अक्टोबरसम्ममा ९० लाख पुगेको छ । यो संख्या सन् २०१८ मा गरिएको सर्वेक्षणमा देखिएकोभन्दा पाँच लाख १० हजारले बढेको पछिल्लो सरकारी तथ्याङ्कले देखाएको छ । उक्त संख्या जापानमा कुल घर संख्याको १३.८ प्रतिशत हुन आउछ । जापानमा औषतमा सात घरमध्ये एक घर रिक्त रहेको मङ्गलबार प्रकाशित आन्तरिक मामिला मन्त्रालयको सर्वेक्षण रिपोर्टले पुष्टि गरेको छ । स्रोतले घरहरू खाली हुनुलाई विदेशमा सन्तान भएका वा सन्तान नभएका वृद्धहरूको स्वामित्वमा रहेका घरहरू उनीहरूको मृत्युपछि वा उनीहरू वृद्धाश्रममा बस्न थालेपछि खाली भएका हुन् । खाली घरहरू मध्ये, ४४ लाख ३० हजार भाडामा लगाइएका छन् भने तीन लाख ३० हजार बिक्रीका लागि छन् । त्यसैगरी तीन लाख ८० हजार खाली घरहरू छुट्टीका समय प्रयोग गरिने गर्छ ।

खाली रहेका तीन लाख ८५ हजार घर बेवारिसे अवस्थामा रहेका छन् । जापानमा सन् १९८४ देखि प्रत्येक पाँच–पाँच वर्षमा आवास र भूमि सर्वेक्षण गरिन्छ । सन् १९७३ मा खाली घरहरूको सङ्ख्या एक लाख ७२ हजार थियो, जुन कुल घरहरूको ५.५ प्रतिशत हो । मन्त्रालयको तथ्याङ्कअनुसार सन् १९९३ मा यो संख्या बढेर चार लाख ४८ हजार पुगेको थियो । ३० वर्षको अवधिमा यो संख्या बढेर दोब्बर भएको छ ।

## पाकिस्तान र इरानबाट दुई हजारभन्दा बढी अफगान आप्रवासी निर्वासित

**एएनआई**
**इस्लामाबाद ।**
पाकिस्तान र इरानले निष्कासन गरेपछि दुई हजारभन्दा बढी अफगान आप्रवासीहरू अफगानिस्तान फिर्ता गराएको तालिबानको नेतृत्वमा रहेको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयलाई उद्धृत गर्दै टोलो न्युजले जनाएको छ ।

मन्त्रालयका अनुसार सोमबार देशको प्रहरीले निष्कासन गरेपछि दुई सय ६० अफगान आप्रवासी पाकिस्तानबाट काबुल फर्केका छन् । यसैबीच दुई हजार तीन सय ६८ अफगान आप्रवासीहरू सोही दिन इरानबाट अफगानिस्तानमा पुनः प्रवेश गरेको खामा प्रेसले जनाएको छ । आप्रवासीहरू नानगाहार प्रान्तको तोरखाम सीमा हुँदै देशमा फर्केको जनाइएको छ । फर्केका व्यक्तिहरू हेरात प्रान्तको इस्लाम काला सीमा पार गरेर अफगानिस्तानमा प्रवेश गरेको अधिकारीहरूले बताएका छन् ।

हालैका महिनाहरूमा इरान र पाकिस्तानबाट अफगान आप्रवासीहरूको निष्कासन तीव्र भएपछि तालिबानको शरणार्थी मन्त्रालयले इरानबाट आप्रवासीहरूको फिर्तीको घोषणा गरेको छ ।

यसअघि एम्नेस्टी इन्टरनेसनलले पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने योजना तत्काल रद्द गर्न आह्वान गर्दै यो योजना अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र शरणार्थी कानुन विपरीत भएको उल्लेख गरेको थियो ।

यसैबीच तालिबानका कार्यवाहक शरणार्थी तथा स्वदेश फिर्ती मामिलामन्त्रीले पाकिस्तानलाई अफगान आप्रवासीको मुद्दा द्विपक्षीय समझदारीको ढाँचाभित्र समाधान गर्न आग्रह गरेका थिए । पाकिस्तानबाट कागजातविहीन अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने पहिलो चरण नोभेम्बर २०२३ देखि सुरु भएको थियो ।

मानव अधिकारवादी सङ्गठन तथा तालिबानले पाकिस्तानको कार्यको आलोचना गरेका छन् । यद्यपि पाकिस्तानी सरकारले यो कुनै जातीय समुदाय निर्देशित प्रक्रिया नभएकोमा जोड दिएको छ ।

# मजुरीमै बित्यो जीवन



**रासस**
**काठमाडौँ ।**
निधारमा दाम्लोको दाग साक्षी छ, उनी मजदुरी गर्छिन् । दिनभरी पाखुरा खियाएपछि मात्रै उनको घरमा बेलुकाको छाक टर्छ । विश्वले एक सय ३५औँ मजदुर दिवस मनाइरहँदा धादिङकी मनसुरा विसीलाई मजदुरी नगरी सुख्खै थिएन । सधैं झैँ कम्मरमा पटुकी बेरेर उहाँ इँटा, बालुवा र ढुङ्गा बोक्न गइन् । विसीलाई मजदुर दिवसको अर्थ थाहा छैन, तर उनले आधा जीवन मजदुरीमै बिताइसकेकी छन् ।
बानेश्वरस्थित एउटा बन्दै गरेको घरमा उनले इँटा र बालुवा ओर्सानै काम पाएकी छन् । 'शारीरिक रुपले जति कठिन काम छ, उति नै जोखिम पनि छ', उनी भन्छन्, 'यही काम पाउन पनि ६ महिना कुर्नुपऱ्यो ।' विसीका लागि श्रम गर्न पाउनु नै ठूलो उपलब्धि हो । त्यो भन्दा महत्वपूर्ण समयमै भनेजति पारिश्रमिक पाउनु हो । धादिङबाट उनी दुईवर्ष अघि काठमाडौँ परिवारसहित आएकी हुन् ।
काठमाडौँमा रोजगारी पाउने आशा बोकेर आएकी विसी दःुख गरे अनुसार पारिश्रमिक नपाएको बताउँछिन् । 'दिनभरी काम गऱ्यो, साहुले भने जति ज्याला दिँदैन', उनी भन्छिन्, 'काम नगरौँ केटाकेटी भोकै पर्छन् भन्ने चिन्ता हुन्छ ।' ठेकेदारमार्फत रकम बुझ्ने हुँदा पूरै पारिश्रमिक नपाउने गरेको विसी बताउँछिन् । 'रकम थोरै भयो भन्यो भने अरुलाई काममा लैजान प्रतिस्पधा चल्छ । त्यसैले जस्तोसुकै अन्याय भए पनि सहनुपर्ने अवस्था छ', विसीले भनिन्, 'बेरोजगारी धेरै छ, थोरै ज्यालामा पनि काम गरिहाल्छन्, अझै महिलालाई त आधाको पनि आधा पारिश्रमिक दिने चलन छ ।'
यस्तै शंङखुवासभाकी राममती तामाङ पनि घर बनाउन मजदुरी गर्छिन् । महिनाभरि एउटाको घरमा कपडा धुँदा १० हजार रुपैयाँ मात्रै पारिश्रमिक लिने गरेको उनले बताइन् । यत्तिले खर्च पुग्दैन । त्यसैले उनी एक महिनामा तीनवटा घरमा कपडा धुने गरेको बताउँछिन् । 'समयमै तलब दिँदैनन्', तामाङ भन्छिन्, 'दुःख गरे जति कमाइ हुने भए श्रीमान् बिदेश पठाउनुपर्दैन थियो ।' उनका श्रीमान् रोजगारका लागि विदेशमा छन् । पोखराका ज्ञानु गुरुङ काठमाडौँम्मा पढ्न आइन् । घरको खर्चले महँगी धान्न सकेन । उनले विकल्पमा काम दोहारी साँझमा गीत गाउने काम रोजिन् । रातभरी गाउनुपर्ने मध्यरातमा कोठामा आउनुपर्ने । त्यसमा पनि समयमै तलब नपाउने उनले भोग्नु परेको पीडा हो । मनोरञ्जन क्षेत्रमा काम गर्नेलाई त्यति सम्मानित दृष्टिले हेरिदैन भन्ने गुरुङले धेरै पटक महसुस गरेकी छन् । त्यसैले पेसाको पहिचान लुकाएर श्रम गर्नु अर्को मजदुरको मुख्य चुनौती हो । 'दोहोरीमा गाउने भनेर धेरैले कोठै दिन मानेनन्', उनले भने, 'त्यसैले अहिले अस्पतालको कर्मचारी भन्नुपरेको छ ।'
'मर्यादित काम, श्रमिकको सम्मान हाम्रो अभियान भन्ने मूल नारा रहेको विश्व मजदुर दिवस'ले मनोरञ्जन क्षेत्रका मजदुरलाई छोएको छैन । श्रममा समान रोजगार विकास गराउने हेतुले काठमाडौँ महानगरपालिकाले श्रम बैंक स्थापना गरेको छ । महानगरपालिकाका सामाजिक विकास विभाग अधिकृत भवानी कपालीका अनुसार उक्त बैंकमा निवेदन पेस गरे आफ्नो दक्षता अनुकुलको जुनसुकै रोजगार उपलब्ध हुँदै आएको छ । 'हामी कहाँ कामप्रतिको सम्मान नहुँदा श्रम बैंक प्रभावकारिता भने जति हुन नसकेको छैन', कपालीले भनिन् ।
व्यक्तिको क्षमता र दक्षता अनुसारको श्रम बैंकले रोजगार दिने उनले बताइन् । नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) का अध्यक्ष विनोद श्रेष्ठले श्रम ऐन कार्यान्वयनको अवस्था भयाभह भएको बेला घरेलु मजदुरको स्थीति अझै कहाली लाग्दो रहेको सुनाए । महासङ्घले हालै प्रकाशन गरेको तथ्याङ्क अनुसार २१ दशमलव सात प्रतिशत उद्योग र प्रतिष्ठानले न्यूनतम पारिश्रमिक नदिएको अवस्था सार्वजनिक गरेको छ । यो विगतको तुलनामा ६ प्रतिशतले बढी हो । विसं २०७९ मा न्यूनतम पारिश्रमिक नदिनेको संख्या १५ दशमलव ३० प्रतिशत थियो । सरकारले १७ हजार तीन सय रुपैयाँ न्युनतम पारिश्रमिक तोकेको छ ।

# श्रमिक दिवसले छोएन इँटाभट्टाका मजदुरलाई

**रासस**
**भक्तपुर ।**
चाँगुनारायण नगरपालिका–९ ताथलीको बिएम इँटाभट्टामा कार्यरत भकुण्डेबेँसीकी सानी नेपालीले दैनिक दुई हजारदेखि दुई हजार पाँच सय इँटा बोक्छिन् । दुई वर्षीया छोरीलाई छ वर्षकी अर्की छोरीसँग राखेर हनुमान इँटा उद्योगमा कार्यरत दाङ घोराहीकी सीमा घर्ती इँटा बोकेर दैनिक एक हजार कमाई गर्छिन् । उनीहरु दुवैजना बुधबार पनि बिहानदेखि काममा व्यस्त थिए । उनीहरुलाई श्रमिक दिवसका बारेमा कुनै जानकारी छैन । चाँगुनारायण नगरपालिका–२ दुवाकोट सेती भैरव इँटाभट्टामा काम गर्ने दाङ घोराहीकै सानीकान्छी घर्ती पनि इँटाभट्टामै व्यस्त छिन् । उनले श्रमिक दिवसका बारेमा बुझ्ने फुर्सद नै नभएको बताइन् । उनले भने, 'दिवसका चासो छैन, चिन्ता पनि छैन, इँटा बिग्रिएला, पैसा नपाइएला भन्ने चिन्ता मात्रै हुन्छ । पाँच महिना काम गरेर एक वर्षको परिवारको गर्जो टार्ने चिन्ता छ । इँटा बनाउने, सुकाउने, मिलाउने, बोक्नेलाई यस्ता दिवसले कहाँ छुन्छ र ? दिवस र बिदा त सरकारी जागिर खानेलाई मात्रै हो, हामी मजदुरलाई होइन ।'



सिन्धुपाल्चोकी ४० वर्षीया रामकुमार परियार र पत्नी कृष्णा परियारलाई अन्तर्राष्ट्रिय श्रमिक दिवस भन्ने थाहा छैन । यस वर्षका लागि ठेक्का लिएको तीन लाख इँटा बनाई सकेर घर फर्किन हतारमा रहेकी परियारलाई जतिसक्दो चाँडो ठेक्का लिएको काम सकेर फर्कने हतारो मात्र रहेको बताइन् ।
त्यसो त सरकारले दिवसको सार्वजनिक बिदा दिएको छ तर यी मजदुरहरुलाइ न बिदा छ, न दिवसको चासो । कृष्णाले भनिन्, 'खोई के दिवस हो थाहा छैन, हामीलाई बिदा पनि छैन, ठेक्का लिएको इँटा पूरा गर्ने चिन्ता छ ।' परियारलाई मात्रै हैन, भकुन्डेकी कल्पना बिकलाई पनि श्रमिक दिवस र बिदाबारे जानकारी छैन । तीन सन्तानकी आमा २६ वर्षीया बिकलाई चिन्ता छ त केवल साना तीन सन्तानको । 'लोग्ने आधा दिन काम गरेर जाँड खाएर बस्नुहुन्छ', उनले भनिन्, 'दिउँसो पनि राति पनि हामीलाई गाह्रो, यी बच्चाबच्चीको चिन्ता छ, खै के गर्नु ।' इँटा बोकिरहेकी १७ वर्षीया टुल्की बिकको काखमा एक वर्षकी छोरी छ । श्रीमान्सँगै इँटाभट्टामा काम गर्दै आएकी टुल्कीलाई यस वर्ष ठेक्का लिएको इँटा सबै सिध्याउने चटारो छ । 'दिवसले के गर्छ, खान दिँदैन, लाउन दिँदैन, काम सकेर पैसा बोकेर घर जान हतारो छ हामीलाई, गाउँमा मकै छर्न ढिला भइसक्यो', सूर्यविनायक नगरपालिका–८ सिपाडोलको इँटाभट्टाकी मजदुर शर्मिला धामीले भनिन । रामेछापबाट दुई छोरी, एक छोरा र श्रीमान्सँगै सिपाडोलको इँटाभट्टामा इँटा बोक्न आएकी २७ वर्षीया पवित्रा कार्कीलाई दिवसको पर्वाह छैन । 'यसपालि एक लाख रुपैयाँमा इँटा पार्ने ठेक्का लिएका छौँ', कार्कीले भनिन्, 'ठेक्का सकेर छिटो गाउँ फर्किन पाए हुन्थ्यो, अब पैसा लिएर घर जान हतारो छ, मकै छर्नु छ ।' अन्तर्राष्ट्रिय श्रमिक दिवस विश्वभर बुधबार भव्य रुपमा मनाइरहँदा भक्तपुरका इँटाभट्टाका श्रमिकलाई भने दिवसले छोएन ।
बुधबार बिहानदेखि मध्याह्नसम्म इँटाभट्टामा काम गर्न व्यस्त यहाँका मजदुरहरु रोजीरोटीका लागि इँटा थन्क्याउन र बोक्न व्यस्त देखिन्थे । भक्तपुरमा सञ्चालित ५८ वटा इँटाभट्टाका अधिकांश मजदुर आफ्नो काममा खटिएका छन् । इँटा व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष नातिभाइ ह्याम्बाले दिवस भनेर मजदुरलाई व्यवसायीले बिदा दिनु नपर्ने बताए ।
सबै ठेक्कामा काम हुने भएकाले शुक्रबार आधा दिन र शनिबार बिदा हुने गरे पनि दिवसमा मजदुरले बिदा बस्ने नगरेको बताए । भक्तपुरमा सञ्चालित इँटाभट्टामा करिब २५ हजार मजदुरले काम गर्छन् । धेरै जसो मजदुर काम सकेर घर फर्किन हतारोमा छन् । रोल्पा, दाङ, रुकुम, सर्लाही, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक लगायत जिल्लाबाट इँटाभट्टामा मजदुरी गर्दै आएका छन् ।

# श्रम मन्त्रालयद्वारा 'श्रमदान' अभियानको घोषणा



**रासस**
**काठमाडौँ ।**
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम तथा रोजगारसँग सम्बन्धित 'श्रमदान' योजना घोषणा गरेको छ । अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री डोलप्रसाद अर्यालले नेपाली श्रमिकका समस्या समाधान र श्रम बजारमा सुधार ल्याउने उद्देश्यसहित 'श्रमदान' अभियानको सुरुआत गरे । मन्त्री अर्यालले श्रमदान मन्त्रालयको वृहत र व्यवहारिक योजना भएको बताए । श्रमिकको समस्या समाधान गर्न ल्याएको उक्त योजनाअन्र्तगत विभिन्न सातवटा कार्यक्रम छन् । श्रमदान योजनामा 'सेकेन्ड इनिङ्स', रोजगार बैंक, समता, कनेक्ट, साथ, कल सेन्टर, पेसागत यात्राको सहयात्रीलगायत कार्यक्रम समावेश छन् । यी कार्यक्रम एकसाथ नभएर क्रमशः कार्यान्वयन गर्दैजाने मन्त्री अर्यालले बताए । 'यो योजना मात्र होइन, अभियान पनि हो', उनले भने, 'यसले नेपाली नागरिकको श्रम र रोजगारसम्बन्धी बहुआयामिक आवश्यकताको एकद्वार प्रणालीद्वारा सम्बोधन गर्ने उद्देश्य राखेको छ ।' श्रमदानको पहिलो चरणमा सात क्षेत्रसँग सम्बन्धित कार्यक्रम समावेश गरिएका छन् । इन्द्रेणीका सात रङ्गसँग मेल खाने गरी प्रत्येक कार्यक्रमलाई एक विशेष रङ्गसँग जोडिएको मन्त्री अर्यालले बताए । कार्यक्रम नेपाली श्रमिकको सीप, दक्षतामा विकास, उनीहरुको मानसिक स्वास्थ्यसम्बन्धी समस्या समाधान, विशेष आवश्यकता रहेको वर्ग तथा समुदायको हकमा खास सुविधा प्रदान गर्नेदेखि कानुनी रुपमा सुरक्षित बनाउन श्रम कानुनको ज्ञान बढाउन केन्द्रित रहेको उनको भनाइ थियो । मन्त्रालयले दुई महिनाको अध्ययनपछि तयार भएको उक्त योजनाबाट रोजगारीको अवसरलाई व्यापक बनाउनेदेखि श्रम बजारमा प्रतिस्पर्धी हुन आवश्यक कौशलको विकास तथा पेसागत उन्नतिका लागि चाहिने स्रोत र साधान प्रदान गर्ने छ । मन्त्री अर्यालले पहिलो चरणमा २४ सै घण्टा टेलिफोन सेवा उपलब्ध गराउने, गुनासो सुन्ने निकायमा केन्द्रीत फोकल पर्सन तोक्ने र मिसकलाई कल ब्याग गर्ने काम हुने जानकारी दिए । उनका अनुसार दोस्रोचरणमा श्रमदान एपको विकास गर्ने काम भइरहेको छ ।
विदेशमा आधारित सीआइपी लाइन टेलिफोन सेवा र आइभीआर सेवाकोसमेत तयारी भइरहेको मन्त्री अर्यालले बताए ।
विभिन्न सामाजिक सञ्जालमार्फत प्राप्त जिज्ञासा, गुनासो र समस्यालाई तत्काल समाधान प्रक्रियामा लैजान संयन्त्रको निर्माण भएको उनले बताए । मन्त्रालयले यसअघि नै श्रमदान कल सेन्टरको उद्घाटन गरिसकेको छ । मन्त्रालयका अनुसार जिज्ञासा, गुनासो र समस्यालाई निःशुल्क कल ११४१ मा फोन गरेर जानकारी दिन सकिनेछ । यस्तै अर्को फोन नम्बर ९८५१३४७२२२ मार्फतसमेत समस्याबारे जानकारी गराउन सकिने मन्त्रालयले जनाएको छ ।

# 'श्रमजीवीको हकहित र अधिकार सुनिश्चित गर्न लागौँ'

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले श्रमजीवी वर्गको हकहित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा सामाजिक न्याय र समृद्धि सम्भव नहुने बताएका छन् । एक सय ३५औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बुधबार संयुक्त ट्रेड युनियन समन्वय केन्द्रद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले श्रमजीवी वर्गको हकहित र अधिकार सुनिश्चित गर्न सबै पक्ष लाग्नुपर्ने बताए । 'यही यथार्थलाई आत्मसात गरेर नै नयाँ संविधानमा श्रमिकको हितलाई प्रत्याभूति गरिएको हो', प्रधानमन्त्री दाहालले भने, 'उक्त संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्नु नै वर्तमानमा हाम्रो प्रमुख कार्यभार हो ।' श्रमसम्बन्धी हक र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विधान तथा नेपालले अनुमोदन गरेका अभिसन्धिप्रति सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले युवा एवम् बौद्धिक जनशक्तिको पलायन रोक्न स्वदेशमा रोजगारीको पर्याप्त अवसर उपलब्ध गराइने विश्वास दिलाए । 'युवाको ज्ञान, सीप र ऊर्जा देश विकासमा लगाउन सरकार निरन्तर क्रियाशील छ । स्वदेशमा रोजगारीको पर्याप्त अवसर नभएसम्म रोजगारीको महत्वपूर्ण माध्यमको रूपमा रहेको वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउनुपर्दछ', प्रधानमन्त्री दाहालले भने, 'सरकारले श्रमिकहरूको हित रक्षालाई केन्द्रमा राख्दै विदेशमा रहेका नेपाली, सरकारी, अर्धसरकारी र सामाजिक क्षेत्रमा क्रियाशील श्रमिकका निम्ति योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरी प्रभावकारी कार्यान्वयनसमेत गरिरहेको छ ।' योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको जग बसाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संविधानमा व्यवस्था भएको समाजवादउन्मुख संविधान कार्यान्वयनको सबैभन्दा महत्त्वपूर्ण आधार सामाजिक न्याय भएको बताए । सामाजिक न्याय कार्यान्वयनको महत्त्वपूर्ण आधार सामाजिक सुरक्षा कार्यक्रम भएको उल्लेख गर्दै उनले उक्त कार्यक्रम समाजवादी राज्य स्थापनाको आकाङ्क्षा राख्ने सम्पूर्ण जनसमुदायका निम्ति गौरवको विषय भएको बताए । लाखौँ श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेको परिप्रेक्ष्यमा विदेशमा रहेका नेपाली र अनौपचारिक क्षेत्रका सम्पूर्ण श्रमिकलाई यस कार्यक्रममा समावेश गर्ने प्रक्रिया अगाडि बढिरहेको प्रधानमन्त्री दाहालको भनाइ थियो । 'सबैलाई सामाजिक सुरक्षा' भन्ने राष्ट्रिय लक्ष्य हासिल गर्न आफ्नै निर्देशन र पहलमा वैदेशिक रोजगारीमा जाने श्रमिकको सामाजिक सुरक्षाको सुनिश्चितता गरिएको उल्लेख गर्दै उनले यस कार्यक्रमको कार्यान्वयनमा देखिएका आंशिक चुनौती सामूहिक प्रयासबाट सम्बोधन हुने बताए ।



# बिहान कक्षा सञ्चालन गर्न महानगरको निर्देशन




**मधेशदृष्टि**
**वीरगंज ।**
गर्मीले विद्यार्थीलाई पठनपाठनमा समस्या हुन थालेपछि वीरगंज महानगरपालिकाले महानगरमा रहेका सामुदायिक र निजी विद्यालयहरूलाई बिहानी कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले एक सूचना जारी गर्दै आज बिहीबारदेखि विहानी कक्षा सञ्चालन गर्न सामुदायिक र निजी विद्यालयहरुलाई निर्देशन दिएको हो । केहि साता यता वीरगंज र यसआसपासका क्षेत्रमा प्रचण्ड गर्मीसँगै दिउँसोको समयमा तातो हावा समेत चलिरहेका कारण दिउँसोको समयमा कक्षा सञ्चालन गर्दा विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्ने भएकाले त्यसैलाई मध्यनजर गर्दै विहानी कक्षा सञ्चालन गर्न विद्यालयहरुलाई निर्देशन दिइएको महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्णले बर्ता । महानगरको नगर शिक्षा समितिको सोमबार बसेको बैठकले गरेको निर्णय अनुसार बिहीबारदेखि बिहान ६ बजेदेखि शिक्षण सिकाई कार्यको लागि तोकिएको समय नघट्ने गरी सञ्चालन व्यवस्थापन गर्न गराउन विद्यालयहरुलाई आग्रह गरिएको कर्णले जानकारी दिए ।

# ‘एकजुट भए पर्सामा कांग्रेसलाई कसैले रोक्न सक्दैन’

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका केन्द्रिय सदस्य अजय चौरसियाले नेपाली कांग्रेस ऐक्यबद्ध भई अगाडी बढेमा कुनै शक्तिले पर्सामा कांग्रेसलाई रोक्न नसक्ने बताएका छन् । नेपाली कांग्रेसको बुधाबार वीरगंजको सुगौली विर्तामा क्रियाशिल सदस्यहरुको बैठक तथा पार्टी सम्बन्धि वृहत छलफल कार्यक्रमलाई सम्बोधन गर्नै उनले वर्तमान गठबन्धनको सरकार आपसी स्वार्थ र भागबण्डामा लागेको हुँदा धेरै समय टिक्न नसक्ने दाबी गरे । उनले स्थायित्व र विकासका लागि कांग्रेसको विकल्प नभएको समेत बताए । वीरगंज महानगरपालिका वडा नम्बर २६ अठहरा टोलमा कांग्रेसको वडा कार्य समितिद्वारा आयोजित कार्यक्रममा कांग्रेसका नेता एवम् पूर्व प्रदेश मन्त्री ओम प्रकाश शर्मा, नेपाली कांग्रेसका प्रदेश महामन्त्री वृहस्पति कृष्ण श्रेष्ठ, कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, क्षेत्रिय सभापति महम्मद सहाबुद्दिन, वडा अध्यक्ष शम्भु मिश्रा लगायतका नेताहरुको सहभागिता रहेको थियो ।

# होटल बुक गरेरै बैंकमा रकम चोरी




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज, बाइपासस्थित नबिल बैंकबाट आइतबार राति १ करोड ३४ लाख ६५ लाख रुपैयाँ चोरी भएको घटनामा संलग्नमध्ये दुई भारतीयसहित चार जना पक्राउ परेका छन् । उनीहरुबार केही रकम पनि बरामद भएको छ ।
प्रहरीले रौतहटबाट दुई नेपाली र भारतको घोडासहनबाट थप दुई भारतीयलाई नियन्त्रणमा लिएको हो । समूहका अरु एक जना फरार रहेको प्रहरीको भनाइ छ ।
रौतहट, मौलापुर नगरपालिका वडा नम्बर ७, पथरा बुधरामका सञ्जय जयसवाल र छोटेलाल जयसवाल पक्राउ परेका हुन् । भारतीय प्रहरीले बिहारको पूर्वी चम्पारणको घोडासहनका मन्टु पासवान र ललन कुमारलाई नियन्त्रणमा लिएको छ । सञ्जय र छोटेलाललाई प्रहरीले रौतहटको मौलापुरबाट मंगलबार साँझ पक्राउ गरेको हो । उनीहरु रात्रीबसमा चढेर काठमाडौँ जाने तयारीमा थिए । मन्टु र ललन घोडासहनबाट पक्राउ परेका हुन् । घटनामा संलग्न अर्का एक सदस्य पनि भारतीय भएको बताइएको छ ।
समूहले आइतबार वीरगंज नयाँ बसपार्कस्थित रानीपोखरी होटलमा छोटेलाल जयसवालको नाममा कोठा बुक गरेर बसेको प्रहरीको अनुसन्धानमा खुलेको छ ।
बाइपास रोडस्थित नबिल बैंकको शाखाबाट आइतबार राति पाँच जनाको संख्यामा रहेका चोरको समूहले मूल गेटको ताल्चा फोरेर टिनको बाक्सामा रहेको १ सय र २० रुपैयाँको नोट गरी १ करोड ३४ लाख ६५ हजार रुपैयाँ बोरामा हालेर लगेको बैंकको सिसिटिभीको फुटेजमा देखिएको छ ।

# ठोरी नाका संचालनमा आयो



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी नाका संचालनमा आएको छ । कोरोना संक्रमणको कारण ४ बर्ष अघि बन्द भएको छोटी भन्सार कार्यालय ठोरी बुधबारबाट औपचारिक रुपमा संचालनमा आएको हो । ठोरी नाकाको एक कार्यक्रमकाबीच बागमती प्रदेशका प्रदेश सभा सदस्य ठाकुर ढकाल, भरतपुर महानगरपालिकाकी नगर प्रमुख रेणु दहाल, भन्सार विभागका महानिर्देशक ढुण्डी राज निरौला, ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले संयुक्त रुपमा सुभारम्भ भएको घोषणा गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेशका प्रदेश सभा सदस्य ठाकुर ढकालले पर्साको ठोरी र चितवनको माडीको लाईफलाईनको रुपमा रहेको ठोरी नाका स्थायी रुपमा संचालनका लागि सबैको भूमिका प्रभावकारी हुनु पर्ने कुरामा जोड दिए । उनले यो नाका अब कुनै हालतमा बन्द नहुने हिसावले भन्सार विभाग, स्थानीय प्रहरी प्रशासन, सम्बन्धित स्थानीय तहको आपसी समन्वय र सहकार्य हुनु पर्ने कुरामा जोड दिए ।
कार्यक्रममा भन्सार विभागका महानिर्देशक ढुण्डी राज निरौलाले देशकै पुरानो ऐतिहासिक नाकाको रुपमा रहेको ठोरी नाका स्थायी रुपमा संचालनका लागि भन्सार विभाग सदैव तत्पर रहेको कुरामा जोड दिए । कार्यक्रममा भरतपुर महानगरपालिकाकी नगर प्रमुख रेणु दहालले भरतपुर महानगरपालिकाले



भ्रमण बर्ष २०२४ लाई लक्षित गर्दै ठोरी नाका संचालनका लागि सरकारसँग पहल गर्दै आएकोमा सरकारले ठोरी, माडी र भरतपुरका नागरिकको आवाज सुनेको भन्दै खुशी व्यक्त गरे । पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिला राम पन्थी, माडी नगरपालिकाकी नगर प्रमुख ताराकाजी महतो, उपप्रमुख खेम महतो, ठोरी गाउँपालिकाका प्रमुख लाल बहादुर श्रेष्ठ, विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय समाजसेवी, कर्मचारी, बारा, पर्साका संचारकर्मीहरुको सहभागिता रहेको थियो ।
पर्सा जिल्लाको दोस्रो नाकाको रुपमा स्थापित ठोरी स्थित छोटी भन्सार कार्यालयको नयाँ भवन निर्माण गरि स्तरोन्नति गरिएको समेत वर्षौं बितिसक्दा पनि भन्सार विभागले कर्मचारीको व्यवस्थापन नगरिदिँदा उक्त छोटी भन्सार कार्यालय लामो समयदेखि बन्द रहेको थियो । कोरोना संक्रमण कालमा बन्द नाका ४ बर्ष पछि संचालनमा आएसँगै पर्सा र चितवनका स्थानीय वासिन्दाहरु लाभान्वित हुने भएका छन् । हाल ठोरी भन्सार कार्यालयमा वीरगंज भन्सार कार्यालयले नायब सुब्बा अभिषेक सिंहसहित दुई जना कर्मचारी खटाएर आवश्यक काम कारवाही अगाडी बढाएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिला राम पन्थीले बताए । भन्सार नाका संचालनमा आएसँगै भारतबाट नेपाल प्रवेश गर्ने सवारी साधनहरुको प्रवेश अनुमति पत्र सहित भारतबाट आयात गरिने तथा नेपालबाट भारत लैजाने सामानहरुको मुल्यांकन र राजस्व बुझ्ने कार्य समेत छोटी भन्सार कार्यालयबाट उपलब्ध हुने प्रमुख भन्सार प्रशासक पन्थीले बताए ।

# भन्सारले फेरि निकाल्यो लिलामी सूचना

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्थित सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले करिब ४७ करोड मूल्य बराबरको पोस्ता दाना र सुपारी लिलामको लागि पुन सूचना निकालेको छ । चौथो पटकसम्म सूचना जारी गरिएको लिलाममा कुनै फर्म वा व्यक्तिले रुचि नदेखाएपछि तोकिएको मालबस्तुको पुनःमूल्यांकन गरेर पाँचौ पटक सूचना प्रकाशन गरेको सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजले जनाएको छ । वीरगंजको सुक्खा बन्दरगाहमा विगत ५ बर्ष देखि वेवारिसे अवस्थामा रहेका कन्टेर भित्रको मालबस्तु प्रचलित बजार भाँउको दररेटमा लिलाम गर्न भन्सार कार्यालयले २०८० फागुन १३ गते प्रथम पटक सूचना प्रकाशन गरेको थियो ।



करिब २६ करोडको पोस्ता दाना, २१ करोडको सुपारी लगायत हाडवेयर, विद्युतिय र अन्य सामान गरी करिब १ अर्ब मूल्य बराबरको मालबस्तु लिलाम बिक्रीका लागि भन्सार कार्यालयले सूचना प्रकाशन गरेको थियो । प्रथम पटकको सूचनामा औद्योगीक सिलाई मेसिन, कपडा र केही थान सिलाई मेशिन लगायत करिव ८० लाख मूल्य बराबरका सामान लिलाम भएको थियो । आयातकर्ताले पोस्ता दाना, सुपारी, लुब्रिकेन्ट, फिड सप्लिमेन्ट, सोयामिल, सुकमेल, मुसुरोको दाल, कालो मसुरोको दाना, वाथरुमका सामान, कम्प्युटर पार्टर्स, कपडा, खेलौना, सिलाई मेशिन, प्लाष्टिकका दाना लगायत १३७ प्रकारका मालबस्तु ल्याएर लामो समयसम्म भन्सार जाँचपास नगरेपछि भन्सार कार्यालयले लिलामीको सूचना निकालेको थियो ।
सिर्सिया सुख्खा बन्दरगाह भन्सार कार्यालयका अनुसार १ लाख ८६ हजार ६०० किलो पोस्ता दाना र ३ लाख ४८ हजार ३४० किलो सुपारी वेवारिसे अवस्थामा कन्टेनरमा थन्किएको थियो । वीरगंज स्थित सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख डा. रामप्रसाद मैनालीले विगत ५ बर्ष देखि ६० दिन सम्म ड्राइपोंटमा वेवारिसे अवस्थामा रहेका मालबस्तु दाबी गर्न आउन सूचना जारी गरेको तर कसैले दाबी नगरेपछि लिलाम विक्रीका लागि टेन्डर प्रकाशन गरिएको बताए । भन्सार कार्यालयले प्रचलित बजार मूल्यका आधारमा लिलाम विक्रीको सूचना प्रकाशन गरेकोमा कसैले सकार्न नआएपछि पुन मूल्याङकन गरेर सूचना सार्वजनिक गरिएको मैनालीले बताए ।
यस अघि सिर्सिया सुख्खा बन्दरगाह भन्सार कार्यालयले २०८० फागुन १३ र ३० गते, चैत १३ र २१ गतेगरी चौथो पटक सूचना प्रकाशन गरेको थियो । चौथो पटक पुन मूल्याङकन गरेर निकालिएको लिलाम विक्रीमा कालो मासको दाना, प्लाष्टिक दाना, कम्प्यूटर पार्टर्स, वासिङ मेशिन, अट्टो पार्टर्स ब्रेक प्याड, ट्वाइलेटमा प्रयोग हुने कम्वड र वेसीन, पिपि उल फाइवर गरी करिब ३ करोड १९ लाख ६० हजार मूल्य बराबरका सामान लिलाम विक्री भएको ड्राइपोंट भन्सार कार्यालयका सूचना अधिकृत सुशिल शर्माले बताए । अझै करिब १ अर्व २६ करोड मूल्य बराबरको मालबस्तु लिलाम विक्री हुन नसकेकोले पुन मूल्यांकन गरेर सोमबार लिलाम विक्रीको सूचना प्रकाशन गरिएको भन्सार प्रमुख मैनालीले जानकारी दिए ।

# बारामा पौने ४ अर्बको गहुँ उत्पादन

**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा ३ अर्ब ७८ करोड बराबरको गहुँ उत्पादन भएका कृषि ज्ञानकेन्द्र बाराले जनाएको छ । यस बर्ष किसानहरुले विभिन्न जातका गहुँ कुल ९० हजार मेट्रिक उत्पादन भएको थियो । किसानहरुले यस बर्ष विभिन्न जातका ९० हजार मेट्रिकटन गहुँ उत्पादन भएको कृषि ज्ञानकेन्द्र बाराका प्रमुख राजनारायण प्रसादले जानकारी दिए । उत्पादित गहुँ हाल कलैया बजारमा प्रति क्विन्टल ४२ सय रहेको छ । यस वर्ष ९० हजार मेट्रिकटन गहुँ उत्पादन भएको ज्ञान केन्द्रले जनाएको



छ । किसानहरुले एलएस ९७१, विजय, गौतम, भृकुटी जातका गहुँ ३० हजार हेक्टर क्षेत्रफलमा खेती प्रति हेक्टर ३ मेट्रिकटनले ९० हजार मेट्रिकटन गहुँ उत्पादन भएको ज्ञान केन्द्रका प्रमुख प्रसादले भने । गहुँखेति गर्दा किसानहरुले चाहे जति पानी नपर्दा भूमिगत सिँचाईको भरमा खेती गरेको हुँदा यस बर्ष उत्पादनमा कमी आएको ज्ञान केन्द्रले जनाएको छ । गत वर्ष कृषकहरूले कुल २९ हजार ७ सय हेक्टर क्षेत्रफलमा विभिन्न जातको गहुँ खेती प्रति हेक्टर ३ मेट्रिक टनको दरले कुल ८९ हजार १ सय मेट्रिकटन गहुँ उत्पादन भएको ज्ञानकेन्द्रका प्रमुख प्रसादले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन